प्रदेश सभा

सार्वजनिक लेखा समिति

बागमती प्रदेश

# खरिद अध्ययन तथा अनुगमन प्रतिवेदन २०७७

## खरिद अध्ययन तथा अनुगमन उपसमिति

प्रदेश सभा सचिवालय

हेटौंडा, मकवानपुर

# कृतज्ञता

प्रदेश सभा अन्तर्गतको सार्बजनिक लेखा समितिको मिति २०७६/१२/०५ गतेको बैठकको निर्णयबाट गठित खरिद अध्ययन तथा अनुगमन उपसमितिले पाएको जिम्मेवारीलाई सहजता पूर्वक निर्वाह गर्ने क्रममा मार्गनिर्देश गर्नुहुने प्रदेश सभाका सभामुख माननीय सानुकुमार श्रेष्ठ, उपसभामुख माननीय राधिका तामाङ्ग, बैठकमा उपस्थित भई आफ्नो अमूल्य समय दिनु हुने सार्बजनिक लेखा समितिका सभापति माननीय न्हुक्षे नारायण श्रेष्ठ, समिति तथा उपसमितिका माननीय सदस्यहरुप्रति बिशेष आभार व्यक्त गर्न चाहन्छु। उससमितिले आफ्नो जिम्मेवारी निर्वाह गर्ने क्रममा समन्वयकारी भूमिका निर्वाह गर्नुहुने मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, प्रदेश सभा सचिवालय, मन्त्रालयहरु र महान्यायाधिबक्ताको कार्यालयप्रति उपसमितिको तर्फबाट बिशेष धन्यवाद ज्ञापन गर्न चाहन्छु। उपसमितिको अध्ययन, अनुगमन, तथा मूल्याङ्कनमा सक्रिय सहभागिता मार्फत उद्धेश्यलाई नतिजाउन्मुख बनाउन सहयोगी भूमिका निर्वाह गर्नुहुने प्रदेश सभा सचिव, समिति सचिव तथा अन्य कर्मचारीहरुलाई समेत हार्दिक आभार व्यक्त गर्न चाहन्छु।

धन्यवाद।

माननीय प्रभात तामाङ्ग
संयोजक

# विषयसूची


| | पृष्ठ संख्या |
|---|---|
| **परिच्छेद – १ परिचय** | **१-३** |
| १.१ पृष्ठभूमि | १ |
| १.२ अध्ययनको उद्देश्य | २ |
| १.३ उपसमितिको कार्यक्षेत्र | ३ |
| १.४ अध्ययन विधि | ३ |
| **परिच्छेद – २ मन्त्रालय/सचिवालय/कार्यालयगत विश्लेषण** | **४-१३** |
| २.१ प्रदेश सभा सचिवालय | ४ |
| २.२ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ५ |
| २.३ आन्तरिक मामिला तथा कानून मन्त्रालय | ६ |
| २.४ आर्थिक मामिला तथा योजना मन्त्रालय | ७ |
| २.५ उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय | ८ |
| २.६ भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | ९ |
| २.७ सामाजिक विकास मन्त्रालय | १० |
| २.८ भौतिक पूर्वाधार विकास मन्त्रालय | १२ |
| २.९ मुख्यन्यायाधिवक्ताको कार्यालय | १३ |
| **परिच्छेद – ३ अध्ययनको निष्कर्ष** | **१४-१६** |
| **परिच्छेद – ४ सुझावहरु** | **१७-१९** |
| **अनुसूचीहरुः** | **२०-४५** |
| १. उपसमितिका सदस्य तथा कर्मचारीहरु | २० |
| २. उपसमितिको बैठकमा सदस्यहरुको उपस्थितिको विवरण | २१ |
| ३. उपसमितिको पत्राचार | २२ |
| ४. सान्दर्भिक ऐनमा भएको व्यवस्था | ३९ |
| **सन्दर्भ सामग्रीहरु** | ४६ |

# परिच्छेद -१

## परिचय

### १.१ पृष्ठभूमि

नेपालको संविधानको धारा १९३ अनुसार प्रदेश सभाको कार्यप्रणालीलाई व्यवस्थित गर्न प्रदेश सभाले प्रदेश सभा नियमावलीको नियम १४६ बमोजिम विभिन्न समितिहरु गठन गर्न सक्ने प्रावधान स्वरुप सार्वजनिक लेखा समितिको गठन गरेको छ। यस समितिको कार्यक्षेत्र अन्तर्गत महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, बेरुजु फछ्यौंट र प्रदेश सरकारको सार्वजनिक लेखा सम्बन्धी रहेको छ।

महालेखापरीक्षकले प्रदेश प्रमुख समक्ष पेश गरेको बागमती प्रदेशको आर्थिक वर्ष २०७४/७५ को वार्षिक प्रतिवेदन मुख्यमन्त्रीमार्फत प्रदेश सभाको मिति २०७६ जेठ २ गतेको बैठकमा पेश भई समितिसमक्ष औपचारिक रुपमा प्राप्त भएको थियो। तत्पश्चात् समितिको मिति २०७७ बैशाख २६ गतेदेखि ३० गतेसम्म महालेखापरीक्षकका प्रतिनिधिसहित बसेको बैठकले प्रदेश मन्त्रालय, सचिवालय र मुख्यन्यायाधिवक्ताको कार्यालयसँग प्रतिवेदनउपर छुट्टाछुट्टै छलफल गरी आवश्यक निर्देशन दिएको थियो।

यसै क्रममा प्रतिवेदनमा उल्लेखित मन्त्रालय/निकायगत विषयहरुको छलफलमा देखिएको सोझै खरिद सम्बन्धी विषयमा प्रतिवेदनले सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम खरिद प्रतिस्पर्धी हुनुपर्नेमा प्रदेशले आर्थिक वर्ष २०७४/७५ मा फर्निचर, कम्प्युटर, ल्यापटप, फोटोकपि मेशिन, प्रिन्टर लगायतका सामग्री सोझै खरिद गरी रु.१२ करोड ४३ लाख ९९ हजार भूक्तानी गरेको उल्लेख गरेको छ। नयाँ स्थापना भएका निकाय सञ्चालनका लागि तत्काल खरिद गर्नुपरेको भएतापनि सोझै खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ र नियमावलीको नियम १४५ बमोजिमको प्रक्रिया अवलम्बन नगरेको भनी सैद्धान्तिक बेरुजु देखाएकोले उक्त विषयमा अध्ययन गर्न सार्वजनिक लेखा समितका सभापति माननीय न्हुक्षे नारायण श्रेष्ठको सभापतित्वमा बसेको समितिको मिति २०७७ जेठ १२ गतेको बैठकले मिति २०७७ साल असार मसान्तसम्म समितिसमक्ष प्रतिवेदन पेश गर्ने गरी माननीय प्रभात तामाङ्गको संयोजकत्वमा तपशिल बमोजिमको ५ (पाँच) सदस्यीय उपसमिति गठन गरेको थियो।

तपशिल

| | |
|---|---|
| १. माननीय प्रभात तामाङ्ग | - संयोजक |
| २. माननीय ओम बहादुर ग्लान | - सदस्य |
| ३. माननीय मुनु सिग्देल | - सदस्य |
| ४. माननीय रमेश पौड्याल | - सदस्य |
| ५. माननीय रिता माझी | - सदस्य |
| ६. श्री अम्बिक घिमिरे | - सदस्य सचिव |

सोही क्रममा उपसमितिको मिति २०७७ जेठ १४ गते पहिलो बैठक बसी प्रदेश मन्त्रालय, सचिवालय र मुख्यन्यायाधिवक्ताको कार्यालय एवम् मातहतका निकायहरुले आर्थिक वर्ष २०७४/७५ मा फर्निचर, कम्प्युटर, ल्यापटप, फोटोकपि मेशिन, प्रिन्टर, सवारीसाधन लगायतका सामग्रीहरु ऐन बमोजिम सोझै र क्याटलग सपिङ्ग विधिबाट खरिद गर्नुपर्ने तत्कालिन अवस्था हो वा होइन सो सम्बन्धमा स्पष्ट कारणसहित विस्तृत विवरण माग गर्ने निर्णय बमोजिम सम्बन्धित निकायसँग उक्त विवरण माग गरिएको थियो। यद्यपि विश्वव्यापि रुपमा फैलिएको कोरोना (कोभिड-१९) महामारीका कारण देश लकडाउनको अवस्थामा गएकोले उक्त प्रक्रिया तोकिएको मितिसम्म सम्पन्न हुन सकेन। केही निकायहरुबाट विवरण प्राप्त भएता पनि केही निकायहरुले भने विवरण पठाउन नसकेकोले अध्ययनको समयसीमा लम्बिन पुग्यो। तथापि विषम परिस्थितका बाबजुद पनि उपसमितिले जुममार्फत भर्चुअल बैठक बसी आवश्यक निर्णय गर्दै गएको थियो।

उपसमितिको लामो प्रयत्नपछि आवश्यक अध्ययन कार्य सम्पन्न गरी मिति २०७७ साल माघ ९ गतेको बैठकको निर्णयानुसार समितिका सभापति माननीय न्हुक्षे नारायण श्रेष्ठसमक्ष प्रतिवेदन बुझाउने निर्णय भएको थियो।

## १.२ अध्ययनको उद्देश्य

बागमती प्रदेशको महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७५ अन्तर्गत प्रदेश मन्त्रालय, प्रदेश सभा सचिवालय र मुख्यन्यायाधिवक्ताको कार्यालय एवम् मातहतका निकायहरुले पुँजीगत खर्च शीर्षकमा विनियोजित बजेटबाट फर्निचर, कम्प्युटर, ल्यापटप, फोटोकपि मेशिन, प्रिन्टर, सवारीसाधन लगायतका सामग्रीहरु सोझै खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ र नियमावलीको नियम १४५ बमोजिमको प्रक्रिया अबलम्बन नगरेको भनी सैद्धान्तिक बेरुजु

औंल्याएकोले सो सम्बन्धमा आवश्यक अध्ययन तथा छानविन गरी वास्तविक अवस्था पत्ता लगाई समितिसमक्ष प्रतिवेदन पेश गर्ने। आगामी दिनमा प्रदेशमा हुने सार्वजनिक खरिद सम्बन्धी कार्यलाई व्यवस्थित, पारदर्शी एवम् त्रुटीरहित बनाउन सम्बन्धित निकायहरुलाई ध्यानाकर्षण गराउनुका साथै हुनसक्ने आर्थिक अनियमितता र नीतिगत भ्रष्टाचार नियन्त्रण गरी बेरुजु न्यूनीकरण गर्ने।

## १.३ उपसमितिको कार्यक्षेत्र

- बागमती प्रदेशको महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७५ ले औंल्याएको लेखापरीक्षणबाट देखिएका समग्र व्यहोराको बुंदा नम्बर ९ (नौ) को सोझै खरिद सम्बन्धी शीर्षकको परिधिभित्र रही मन्त्रालय/सचिवालय/कार्यालयहरुले गरेको पुँजीगत खर्चको विषय।
- बागमती प्रदेश अन्तर्गतका सात वटा मन्त्रालय, प्रदेश सभा सचिवालय र मुख्यन्यायाधिवक्ताको कार्यालय एवम् मातहतका निकायहरु।

## १.४ अध्ययन विधि

- प्रदेशका सबै मन्त्रालयहरु, प्रदेश सभा सचिवालय तथा मुख्यन्यायाधिवक्ताको कार्यालयबाट आ.व. २०७४/७५ को अषाढ मसान्तसम्म भएको सार्वजनिक खरिदको सम्पूर्ण विवरण माग गरिएको।
- प्रदेशका सबै मन्त्रालयहरु, प्रदेश सभा सचिवालय तथा मुख्यन्यायाधिवक्ताको कार्यालयबाट आ.व. २०७४/७५ को अषाढ मसान्तसम्म फर्निचर, कम्प्युटर, ल्यापटप, फोटोकपि मेशिन, प्रिन्टर, सवारीसाधन लगायतका सामग्रीहरु ऐन बमोजिम सोझै र क्याटलग सपिङ्ग विधिबाट खरिद गरिएका सामग्री एवम् सेवाको खरिद प्रक्रियामा सहभागी सम्पूर्ण फर्म वा कम्पनीले पेश गरेको कोटेशन तथा सोको सूचना माग गरिएको।
- महालेखापरीक्षकको कार्यालयसँग आवश्यक छलफल तथा परामर्श गरिएको।
- समितिको मिति २०७७ पुस ८ गतेको महालेखापरीक्षकको वार्षिक प्रतिवेदनले औंल्याएको साझा व्यहोराको सम्बन्धमा भएको बैठकमा मन्त्रालयका प्रतिनिधिसँग खरिद कारबाहीको सम्बन्धमा समेत छलफल गरिएको।

# परिच्छेद - २

## मन्त्रालय/सचिवालय/कार्यालयगत विश्लेषण

महालेखापरिक्षकको वार्षिक प्रतिवेदन, २०७५ मा लेखापरीक्षणबाट देखिएका समग्र व्यहोराको बुँदा नम्बर ९ मा उल्लेखित विषयः

<u>सोझै खरिद</u> – सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम खरिद प्रतिस्पर्धा हुनुपर्नेमा प्रदेशले यो वर्ष फर्निचर, कम्प्युटर, ल्यापटप, फोटोकपि मेशिन, प्रिन्टर लगायतका सामग्रीहरु सोझै खरिद गरी रु.१२ करोड ४३ लाख ९९ हजार भूक्तानी गरेको छ। नयाँ स्थापना भएका मन्त्रालय सञ्चालनका लागि तत्काल खरिद गर्नुपरेको भएपनि सोझै खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ र नियमावलीको नियम १४५ बमोजिमको प्रक्रिया अवलम्बन गरेको छैन।

### २.१ प्रदेश सभा सचिवालय

क. <u>प्रतिवेदनले उल्लेख गरेको (परिच्छेद -३ को मन्त्रालय र निकायगत) व्यहोराः</u>

<u>बुँदा नम्बर २ (पुँजीगत खर्च)</u> – सचिवालयको लागि रु.२ करोड ५० लाख पुँजीगत बजेट प्राप्त भएकोमा रु.१ करोड १९ लाख ८ हजार खर्च भएको देखिन्छ। उक्त खर्चमध्ये फर्निचरमा रु.२५ लाख ६२ हजार, सवारी साधनमा रु.६० लाख ३८ हजार र कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपि मेशिन लगायतको मेशिनरी औजारमा रु.३३ लाख ८ हजार खर्च गरेको देखिन्छ। खरिदमध्ये सवारी साधन क्याटलग सपिङ्ग विधिबाट र फर्निचर एवम् मेशिनरी औजार सोझै खरिद गरेको देखिन्छ।

ख. <u>अध्ययनमा देखिएको व्यहोराः</u>

१. प्रदेश तहको निर्वाचन सम्पन्न भएपश्चात् मिति २०७४ साल माघ १८ गते प्रदेश सभाको गठन भई प्रदेश सभा र त्यसको प्रशासनिक निकायको रुपमा प्रदेश सभा सचिवालयको स्थापना साविकको क्षेत्रीय शिक्षा निर्देशानलयको भवनमा रहेको देखिन्छ। यद्यपि सभा र सचिवालयले भवन प्राप्त गरेपनि प्रदेश सभाको बैठक कक्ष, एवम् त्यसको विभिन्न समिति कक्ष, पदाधिकारीको कार्यकक्ष तथा नीजि निवास र सचिवालयका कर्मचारीहरुको लागि फर्निचर (टेबुल, कुर्सी, दराज, सोफा) तथा कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपि मेशिन

लगायत कार्यसञ्चालनको लागि अत्यावश्यक अन्य सामानको व्यवस्था तत्काल नै गर्नुपर्ने देखिएको।

२. प्रदेश सभाको गठन पश्चात् मिति २०७४ माघ २७ र २८ गते मा. सभामुख र मा. उपसभामुखको चयन प्रक्रिया सम्पन्न भएपछि पदाधिकारीलाई चाहिने आवश्यक सवारी साधन खरिद प्रक्रिया अगाडी बढाउन आ.व.२०७४/७५ को बजेट विनियोजन नभएकोले बजेट विनियोजन पश्चात् भूक्तानी हुने गरी आर्थिक मामिला तथा योजना मन्त्रालयबाट मिति २०७५/०१/१० मा सहमती प्राप्त भएको।सवारी साधन, फर्निचर, मेशिनरी लगायतका सामग्रीको लागत अनुमान र स्पेशिफिकेशन तयार गर्ने प्रक्रिया मिति २०७५/०१/२९ बाट सुरु भई एक वटा सवारी साधन खरिद गर्ने सूचना प्रकाशन मिति २०७५/०२/२७ गते भएको।उक्त सूचनामा तीन वटा प्रस्ताव दर्ता भएकोमा आर्थिक तथा प्राविधिक मूल्याङ्कनमा एडभान्स अटोमोबाइलस प्रा.लि. काठमाण्डौंको प्रस्ताव स्वीकृत भई Renault Duster AWD 5 Seater एक थान मूल्य अभिबृद्धि करसहित रु.५६४३२६२/९४ रुपैयामा खरिद गर्ने गरी मिति २०७५/०३/१७ मा प्रदेश सभा सचिवालय र एडभान्स अटोमोबाइलस प्रा.लि. काठमाण्डौंबीच द्धिपक्षीय खरिद सम्झौता भएको देखिन्छ।

३. फर्निचर, कम्प्युटर, ल्यापटप, फोटोकपि मेशिन, प्रिन्टर लगायतका कार्यालय सामग्रीहरु एक आर्थिक वर्षभित्र पटक-पटक गरी टुक्र्याएर खरिद गरिएको।

## २.२ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

क. प्रतिवेदनले उल्लेख गरेको (परिच्छेद -३ को मन्त्रालय र निकायगत) व्यहोराः

बुँदा नम्बर ६ (पुँजीगत खर्च) - कार्यालयको लागि पुँजीगत खर्च शीर्षकमा रु.१ करोड ९० लाख बजेट विनियोजन भएकोमा रु.१ करोड ८४ लाख ४ हजार खर्च भएको देखिन्छ। खर्चमध्ये फर्निचर खरिदमा रु.२४ लाख ६३ हजार, सवारी साधन खरिदमा रु.१ करोड २९ लाख ३० हजार र कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपि मेशिन लगायतको मेशिनरी औजारमा रु.३० लाख ११ हजार खर्च भएको छ। सवारी साधन क्याटलग सपिङ्ग विधिबाट र फर्निचर एवं मेशिनरी औजार सोझै खरिद गरेको एवं खरिद गरेको पाइयो।र फर्निचर एवम् मेशिनरी औजार सोझै खरिद गरेको देखिन्छ।

ख. अध्ययनमा देखिएको व्यहोराः

१. नेपालको संविधान बमोजिम संघीय सरकारले प्रदेश सरकार गठन गर्न निर्णय भए बमोजिम मिति २०७४/१०/२८ मा मन्त्रालयको स्थापना भएको, साविकको जिल्ला विकास समितिको भवनमा मन्त्रालयको स्थापना भएको देखिन्छ। तत्कालिन परिस्थितिमा कुनै संरचना नरहेको साथै पदाधिकारीको कार्यकक्ष तथा नीजि निवास र मन्त्रालयका कर्मचारीहरुको लागि फर्निचर (टेबुल, कुर्सी, दराज, सोफा) तथा कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपि मेशिन लगायत कार्यसञ्चालनको लागि अत्यावश्यक अन्य सामानको व्यवस्था तत्काल नै गर्नुपर्ने देखिएको।

२. मन्त्रालयले फर्निचर, कम्प्युटर, ल्यापटप, फोटोकपि मेशिन, प्रिन्टर लगायतका कार्यालय सामग्रीहरु एक आर्थिक वर्षभित्र पटक-पटक गरी टुक्र्याएर खरिद गरेको।

३. मन्त्रालयको मिति २०७५/०१/३० गतेको चारपांग्रे Four wheel drive भएको हलुका सवारी साधन क्याटलग सपिङ्ग विधिबाट खरिद गर्ने निर्णयानुसार मिति २०७५/०१/३१ गते प्रकाशित सूचना बमोजिम तीन वटा फर्मले निवेदन पेश गरेपनि दुई वटा (सिप्रदी ट्रेडिङ्ग प्रा.लि. काटमाण्डौं र अग्नी इन्कर्पोरेटेड प्रा.लि. काठमाण्डौं) फर्म सूचीकृत भएको देखिन्छ। दुवै फर्मले पेश गरेको प्रस्तावको आर्थिक एवम् प्राविधिक मूल्याङ्कनमा TATA STROME VX 4WD-1 UNIT को कबोल मूल्य रु.५८,९०,०००/- (अक्षरुपि अन्ठाउन्न लाख नब्बे हजार मात्र) सहित सिप्रदी ट्रेडिङ्ग प्रा.लि काठमाण्डौं छनौट भई उक्त फर्मसँग सवारी साधन खरिद गरेको देखिन्छ।

## २.३ आन्तरिक मामिला तथा कानून मन्त्रालयः

क. प्रतिवेदनले उल्लेख गरेको (परिच्छेद -३ को मन्त्रालय र निकायगत) व्यहोराः

बुँदा नम्बर ४ (पुँजीगत बजेट खर्च) – मन्त्रालयको लागि रु.१ करोड ८४ लाख ९ हजार पुँजीगत बजेट प्राप्त भएकोमा रु.१ करोड ७३ लाख २९ हजार खर्च भएको देखिन्छ। उक्त खर्चमध्ये फर्निचर खरिदमा रु.२० लाख, सवारी साधन खरिदमा रु.१ करोड २७ लाख ३४ हजार र कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपि मेशिन लगायतको मेशिनरी औजार खरिदमा रु.२५ लाख ९५ हजार खर्च गरेको छ। उक्त खरिदमध्ये

फर्निचर, मेशिनरी औजार सोझै र सवारी साधन क्याटलग सपिङ्ग विधिबाट खरिद गरेको पाइयो। सोझै खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ र नियमावलीको नियम १४५ अनुसारको प्रक्रिया अवलम्बन गर्नुपर्दछ।

ख. <u>अध्ययनमा देखिएको व्यहोराः</u>

१. नेपालको संविधान बमोजिम संघीय सरकारले प्रदेश सरकार गठन गर्न निर्णय भए बमोजिम मिति २०७४/१०/२८ मा मन्त्रालयको स्थापना भएको, साविकको जिल्ला शिक्षा कार्यालयको भवनमा मन्त्रालयको स्थापना भएको देखिन्छ। तत्कालिन परिस्थितिमा कुनै संरचना नरहेको साथै पदाधिकारीको कार्यकक्ष तथा नीजि निवास र मन्त्रालयका कर्मचारीहरुको लागि फर्निचर (टेबुल, कुर्सी, दराज, सोफा) तथा कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपि मेशिन लगायत कार्यसञ्चालनको लागि अत्यावश्यक अन्य सामानको व्यवस्था तत्काल नै गर्नुपर्ने देखिएको।

२. मन्त्रालयले केही फर्निचर, कम्प्युटर, ल्यापटप, फोटोकपि मेशिन, प्रिन्टर लगायतका सामग्रीहरु बोलपत्रको माध्यमबाट खरिद गरेतापनि एक आर्थिक वर्षभित्र पटक-पटक गरी फर्निचर, कम्प्युटर, ल्यापटप, फोटोकपि मेशिन, प्रिन्टर, A/C, वासिङ्ग मेसिन, टिभि तथा कम्प्युटर सफ्टवेयर निर्माण तथा खरिद र अन्य बौद्धिक सम्पत्ति प्राप्ति सम्बन्धी कार्य टुक्र्याएर सोझै खरिद गरेको।

३. मन्त्रालयले दुई पाँग्रे सवारी साधन (मोटरबाइक र स्कुटर) क्याटलग सपिङ्ग विधिबाट खरिद गरेको छ भने अग्नी इन्कर्पोरेटेड प्रा.लि. काठमाण्डौंसँग Mahendra Scorpio S11 4WD रु.५९९०००० /- र सिप्रदी ट्रेडिङ्ग प्रा.लि. काठमाण्डौंसँग TATA Strome रु.५८९०००० /- मा दुई वटा चार पाँग्रे सवारी साधन एकै पटक/एकै महिनाभित्र क्याटलग सपिङ्ग विधिबाट खरिद गरेको देखिन्छ।

## २.४ आर्थिक मामिला तथा योजना मन्त्रालयः

क. <u>प्रतिवेदनले उल्लेख गरेको (परिच्छेद -३ को मन्त्रालय र निकायगत) व्यहोराः</u>

<u>बुँदा नम्बर ५ (पुँजीगत खर्च)</u> – कार्यालयको लागि रु.१ करोड ६४ लाख ५० हजार पुँजीगत बजेट प्राप्त भएकोमा रु.१ करोड ४० लाख ७७ हजार खर्च भएको देखिन्छ। खर्चमध्ये फर्निचर खरिदमा रु.२३ लाख ७४ हजार, सवारी साधन खरिदमा रु.६८ लाख

२९ हजार र कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपि मेशिन लगायतको मेशिनरी औजार खरिदमा रु.४८ लाख ७४ हजार खर्च गरेको छ। उक्त खरिदमध्ये फर्निचर, मेशिनरी औजार सोझै र सवारी साधन क्याटलग सपिङ्ग विधिबाट खरिद गरेको पाइयो। सोझै खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ र नियमावलीको नियम १४५ अनुसारको प्रक्रिया अवलम्बन गर्नुपर्दछ।

ख. <u>अध्ययनमा देखिएको व्यहोराः</u>

१. नेपालको संविधान बमोजिम संघीय सरकारले प्रदेश सरकार गठन गर्न निर्णय भए बमोजिम मिति २०७४/१०/२८ मा मन्त्रालयको स्थापना भएको, साविकको क्षेत्रीय वन निर्देशनालयको भवनमा मन्त्रालयको स्थापना भएको देखिन्छ। तत्कालिन परिस्थितिमा कुनै संरचना नरहेको साथै पदाधिकारीको कार्यकक्ष तथा नीजि निवास र मन्त्रालयका कर्मचारीहरुको लागि फर्निचर (टेबुल, कुर्सी, दराज, सोफा) तथा कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपि मेशिन लगायत कार्यसञ्चालनको लागि अत्यावश्यक अन्य सामानको व्यवस्था तत्काल नै गर्नुपर्ने देखिएको।

२. मन्त्रालयले फर्निचर, कम्प्युटर, ल्यापटप, फोटोकपि मेशिन, प्रिन्टर, TV, लगायतका कार्यालय सामग्रीहरु एक आर्थिक वर्षभित्र पटक-पटक गरी टुक्र्याएर सोझै खरिद गरेको।

३. मन्त्रालयले दुई पाँग्रे सवारी अन्तर्गत मोटरबाइक र स्कुटर रु.९ लाख २१ हजार ६ सयमा सिलबन्दी दरभाउपत्रको माध्यमबाट जगदम्बा मोटर्स प्रा.लि.सँग खरिद गरेको र चार पाँग्रे सवारी साधन अन्तर्गत Jeep Storme रु.५८९००००/- मा क्याटलग सपिङ्ग विधिको माध्यबाट सिप्रदी ट्रेडिङ्ग प्रा.लि. सँग खरिद गरेको देखिन्छ।

## २.५ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयः

क. <u>प्रतिवेदनले उल्लेख गरेको (परिच्छेद -३ को मन्त्रालय र निकायगत) व्यहोराः</u>

<u>बुँदा नम्बर ४ (पुँजीगत खर्च)</u> – पुँजीगत खर्चका लागि रु.१ करोड ६० लाख ९२ हजार बजेट प्राप्त भएकोमा रु.१ करोड ३० लाख ५२ हजार खर्च भएको देखिन्छ। खर्चमध्ये फर्निचर खरिदमा रु.२५ लाख ९१ हजार, सवारी साधन खरिदमा रु.२१ लाख

९० हजार र कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपि मेशिन लगायतको मेशिनरी औजार खरिदमा रु.८२ लाख ७१ हजार खर्च गरेको छ। फर्निचर तथा मेशिनरी औजार सोझै तथा सवारी साधन क्याटलग सपिङ्ग विधिबाट खरिद गरेको पाइयो। सोझै खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ र नियमावलीको नियम १४५ अनुसारको प्रक्रिया अवलम्बन गर्नुपर्दछ।

ख. अध्ययनमा देखिएको व्यहोराः

१. नेपालको संविधान बमोजिम संघीय सरकारले प्रदेश सरकार गठन गर्न निर्णय भए बमोजिम मिति २०७४/१०/२८ मा मन्त्रालयको स्थापना भएको, साविकको जिल्ला वन कार्यालयको भवनमा मन्त्रालयको स्थापना भएको देखिन्छ। तत्कालिन परिस्थितिमा कुनै संरचना नरहेको साथै पदाधिकारीको कार्यकक्ष तथा नीजि निवास र मन्त्रालयका कर्मचारीहरुको लागि फर्निचर (टेबुल, कुर्सी, दराज, सोफा) तथा कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपि मेशिन लगायत कार्यसञ्चालनको लागि अत्यावश्यक अन्य सामानको व्यवस्था तत्काल नै गर्नुपर्ने देखिएको।

२. मन्त्रालयले फर्निचर, कम्प्युटर, ल्यापटप, फोटोकपि मेशिन, प्रिन्टर, TV, AC, लगायतका कार्यालय सामग्रीहरु एक आर्थिक वर्षभित्र पटक-पटक गरी टुक्र्याएर खरिद गरेको।

३. महालेखापरीक्षकको प्रतिवेदनले सवारी साधन खरिदमा रु.२१ लाख ९० हजार खर्च भएको देखाएको छ। यद्यपि मन्त्रालयको सवारी साधन खरिद सम्बन्धी प्रकाशित सूचना बमोजिम दुई वटा कम्पनी (अग्नी इन्कर्पोरेटेड प्रा.लि. काठमाण्डौं र सिप्रदी ट्रेडिङ्ग प्रा.लि. काठमाण्डौं) सूचीकृत भएकोमा उक्त कम्पनीहरुबाट पेश भएको आर्थिक प्रस्तावको मूल्याङ्कन बमोजिम सिप्रदी ट्रेडिङ्ग प्रा.लि. काठमाण्डौंसँग TATA Strome VX 4*4 vat सहित रु.५९३५०००/- मा क्याटलग सपिङ्ग विधिबाट खरिद गरेको देखिन्छ।

## २.६ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयः

क. प्रतिवेदनले उल्लेख गरेको (परिच्छेद -३ को मन्त्रालय र निकायगत) व्यहोराः

बुँदा नम्बर ४ (पुँजीगत खर्च) – पुँजीगत खर्चका लागि रु.१ करोड ५० लाख बजेट प्राप्त भएकोमा रु.१ करोड ४६ लाख ६६ हजार खर्च भएको देखिन्छ। खर्चमध्ये फर्निचर खरिदमा रु.३२ लाख १० हजार, सवारी साधन खरिदमा रु.७७ लाख १२ हजार र

कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपि मेशिन लगायतको मेशिनरी औजार खरिदमा रु.३० लाख ९५ हजार र कम्प्युटर सफ्टवेयर निर्माण तथा खरिदमा रु.६ लाख ५९ हजार खर्च गरेको छ। फर्निचर तथा मेशिनरी औजार सोझै एवं सवारी साधन क्याटलग सपिङ्ग विधिबाट खरिद गरेको पाइयो। सोझै खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ र नियमावलीको नियम १४५ अनुसारको प्रक्रिया अवलम्बन गर्नुपर्दछ।

**ख. <u>अध्ययनमा देखिएको व्यहोराः</u>**

१. नेपालको संविधान बमोजिम संघीय सरकारले प्रदेश सरकार गठन गर्न निर्णय भए बमोजिम मिति २०७४/१०/२८ मा मन्त्रालयको स्थापना भएको, साविकको यातायात व्यवस्था कार्यालयको भवनमा मन्त्रालयको स्थापना भएको देखिन्छ। तत्कालिन परिस्थितिमा कुनै संरचना नरहेको साथै पदाधिकारीको कार्यकक्ष तथा नीजि निवास र मन्त्रालयका कर्मचारीहरुको लागि फर्निचर (टेबुल, कुर्सी, दराज, सोफा) तथा कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपि मेशिन लगायत कार्यसञ्चालनको लागि अत्यावश्यक अन्य सामानको व्यवस्था तत्काल नै गर्नुपर्ने देखिएको।

२. मन्त्रालयले केही फर्निचर तथा कम्प्युटर सिलबन्दी दरभाउपत्रमार्फत् खरिद गरेपनि पुनः फर्निचर, कम्प्युटर, फोटोकपि मेशिन, प्रिन्टर, AC, TV, फ्रिज लगायतका कार्यालय सामग्रीहरु एक आर्थिक वर्षभित्र पटक-पटक गरी टुक्र्याएर सोझै खरिद गरेको।

३. मन्त्रालयले दुई पाँग्रे सवारी अन्तर्गत मोटरबाइक र स्कुटर रु.१८ लाख ९७ हजार १ सयमा सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गरेको र चार पाँग्रे सवारी साधन अन्तर्गत Duster Rx1-4W एक थान रु.५६५३०१३/- मा क्याटलग सपिङ्ग विधिको माध्यबाट एडभान्स अटो मोवाइल प्रा.लि. सँग खरिद गरेको देखिन्छ।

## २.७ सामाजिक विकास मन्त्रालयः

**क. <u>प्रतिवेदनले उल्लेख गरेको (परिच्छेद -३ को मन्त्रालय र निकायगत) व्यहोराः</u>**

<u>बुँदा नम्बर ४ (पुँजीगत खर्च)</u> – पुँजीगत खर्चका लागि रु.१ करोड ८८ लाख ८० हजार बजेट प्राप्त भएकोमा रु.१ करोड ८४ लाख ५४ हजार खर्च भएको देखिन्छ। खर्चमध्ये फर्निचर खरिदमा रु.२४ लाख १० हजार, सवारी साधन खरिदमा रु.१ करोड २७ लाख ८७ हजार र कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपि मेशिन लगायतको

मेशिनरी औजार खरिदमा रु.३२ लाख ५७ हजार खर्च गरेको छ। फर्निचर तथा मेशिनरी औजार सोझै खरिद गरेको एवं सवारी साधन क्याटलग सपिङ्ग विधिबाट खरिद गरेको पाइयो। र फर्निचर एवम् मेशिनरी औजार सोझै खरिद गरेको देखिन्छ। सोझै खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ र नियमावलीको नियम १४५ अनुसारको प्रक्रिया अवलम्बन गर्नुपर्दछ।

ख. <u>अध्ययनमा देखिएको व्यहोराः</u>

१. नेपालको संविधान बमोजिम संघीय सरकारले प्रदेश सरकार गठन गर्न निर्णय भए बमोजिम मिति २०७४/१०/२८ मा मन्त्रालयको स्थापना भई साविकको क्षेत्रीय स्वास्थ्य निर्देशनालयको भवनमा मन्त्रालयको स्थापना भएको देखिन्छ। तत्कालिन परिस्थितिमा कुनै संरचना नरहेको साथै पदाधिकारीको कार्यकक्ष तथा नीजि निवास र मन्त्रालयका कर्मचारीहरुको लागि फर्निचर (टेबुल, कुर्सी, दराज, सोफा) तथा कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपि मेशिन लगायत कार्यसञ्चालनको लागि अत्यावश्यक अन्य सामानको व्यवस्था तत्काल नै गर्नुपर्ने देखिएको।

२. मन्त्रालयले फर्निचर, कम्प्युटर, ल्यापटप, फोटोकपि मेशिन, प्रिन्टर लगायतका कार्यालय सामग्रीहरु एक आर्थिक वर्षभित्र पटक-पटक गरी टुक्र्याएर खरिद गरेको।

३. यस मन्त्रालयको मिति २०७५/०१/२६ मा एक वटा सवारी साधन खरिद सम्बन्धी सूचना प्रकाशन भई दुई वटा फर्म (सिप्रदी ट्रेडिङ्ग प्रा.लि.काठमाण्डौ र अग्नी इन्कर्पोरेटेड प्रा.लि.काठमाण्डौ) सूचीकृत भएकोमा दुवैसँग माग गरिएको आर्थिक प्रस्ताव मूल्याङ्कनमा रु.५८,९००००/-(अक्षरुपि अन्ठाउन्न लाख नब्बे हजार) बोलकबोल अंकसहित सिप्रदी ट्रेडिङ्ग प्रा.लि.काठमाण्डौ छनौट भएको देखिन्छ। एउटा मात्र सवारी साधन खरिद गर्ने प्रक्रिया अगाडी बढि बोलपत्र स्वीकृत भईसकेको र अर्को सवारी साधनको लागि बजेट अपुग रहेको अवस्थामा मन्त्रालयले अर्को सवारी साधन पनि तत्काल आवश्यक परेको र तत्काल खरिद नगर्दा भन्सार महशुल बढ्न गई महँगो पर्ने कारण देखाई सूचीकृत फर्ममध्ये सिप्रदी ट्रेडिङ्ग प्रा.लि.काठमाण्डौले सोही मूल्यमा अर्को सवारी साधन उपलब्ध गराउन नसक्ने जनाएकोले सूचीकृत अर्को फर्म अग्नी इन्कर्पोरेटेड प्रा.लि.काठमाण्डौसँग खरिद गर्ने गरी मिति २०७५/०२/२२ मा प्रदेश मन्त्रीपरिषद्मा प्रस्ताव पेश गरी मन्त्रिपरिषद्को मिति २०७५/०२/२३ को निर्णय बमोजिम मन्त्रालयले सूचीकृत

फर्ममध्ये छनौटमा नपरेको अग्नी इन्कर्पोरेटेड प्रा.लि.सँग ५९,९००००/-(अक्षरुपि उनन्साठ्ठी लाख नब्बे हजार) मा (S11 Scorpio 4WD) खरिद गरेको देखिन्छ। मन्त्रालयले अन्य सवारी साधन (मोटरसाइकल, स्कुटर) पनि सोझै खरिद गरेको देखिन्छ।

## २.८ भौतिक पूर्वाधार विकास मन्त्रालयः

क. <u>प्रतिवेदनले उल्लेख गरेको (परिच्छेद -३ को मन्त्रालय र निकायगत) व्यहोराः</u>

<u>बुँदा नम्बर ४ (पुँजीगत खर्च)</u> – पुँजीगत खर्चका लागि रु.१ करोड ५० लाख बजेट प्राप्त भएकोमा रु.१ करोड ४६ लाख ८९ हजार खर्च भएको देखिन्छ। खर्चमध्ये फर्निचर खरिदमा रु.२४ लाख ६९ हजार, सवारी साधन खरिदमा ८९ लाख १५ हजार र कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपि मेशिन लगायतको मेशिनरी औजार खरिदमा रु.२९ लाख ८२ हजार र कम्प्युटर सफ्टवेयर खरिदमा रु.३ लाख २३ हजार खर्च गरेको छ। फर्निचर तथा मेशिनरी औजार सोझै खरिद गरेको एवं सवारी साधन क्याटलग सपिङ्ग विधिबाट खरिद गरेको पाइयो। सोझै खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ र नियमावलीको नियम १४५ अनुसारको प्रक्रिया अवलम्बन गर्नुपर्दछ।

ख. <u>अध्ययनमा देखिएको व्यहोराः</u>

१. नेपालको संविधान बमोजिम संघीय सरकारले प्रदेश सरकार गठन गर्ने निर्णय भए बमोजिम मिति २०७४/१०/२८ मा मन्त्रालयको स्थापना भएको, साविकको यातायात व्यवस्था कार्यालयको भवनमा मन्त्रालयको स्थापना भएको देखिन्छ। तत्कालिन परिस्थितिमा कुनै संरचना नरहेको साथै पदाधिकारीको कार्यकक्ष तथा नीजि निवास र मन्त्रालयका कर्मचारीहरुको लागि फर्निचर (टेबुल, कुर्सी, दराज, सोफा) तथा कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपि मेशिन लगायत कार्यसञ्चालनको लागि अत्यावश्यक अन्य सामानको व्यवस्था तत्काल नै गर्नुपर्ने देखिएको।

२. मन्त्रालयले केही फर्निचर तथा कम्प्युटर सिलबन्दी दरभाउपत्रमार्फत् खरिद गरेपनि पुनः फर्निचर, कम्प्युटर, ल्यापटप, फोटोकपि मेशिन, प्रिन्टर, AC लगायतका कार्यालय सामग्रीहरु एक आर्थिक वर्षभित्र पटक-पटक गरी टुक्र्याएर सोझै खरिद गरेको।

३. दुई वटा चार पाँग्रे सवारी साधन (Right Hand Drive Compact SUV रु.४१४९०००/- मा Pioneer Moto Corp. Pvt.Ltd, Kathmandu बाट र Right Hand Drive Hard Top Jeep

Sumo Gold रु.३४९००००/- मा Sipradi Trading Ltd. Kathmandu बाट) बोलपत्रको माध्यबाट र चार थान मोटरसाइकल (Discover 150 cc जम्मा रु.८१५६००/-) शिलबन्दी दरभाउपत्र मार्फत् खरिद गरेको र विभिन्न समयमा अन्य मोटरसाइकल, स्कुटर र साईकल सोझै खरिद गरेको देखिन्छ।

## २.९ मुख्य न्यायाधिवक्ताको कार्यालयः

क. <u>प्रतिवेदनले उल्लेख गरेको (परिच्छेद -३ को मन्त्रालय र निकायगत) व्यहोराः</u>

<u>बुँदा नम्बर २ (पुँजीगत खर्च)</u> – कार्यालयको लागि र.१८ लाख २० हजार पुँजीगत बजेट प्राप्त भएकोमा फर्निचर, कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपि मेशिन लगायतको मेशिनरी औजारमा गरेको देखिन्छ।खरिद गर्दा प्रतिस्पर्धा नगराई सोझै खरिद गरेको देखिन्छ।

ख. <u>अध्ययनमा देखिएको व्यहोराः</u>

१ नेपालको संविधान बमोजिम संघीय सरकारले प्रदेश सरकार गठन गर्न निर्णय भए बमोजिम साविकको यातायात व्यवस्था कार्यालयको भवनमा कार्यालयको स्थापना भएको देखिन्छ।तत्कालिन परिस्थितिमा कुनै संरचना नरहेको अवस्थामा पदाधिकारी तथा कर्मचारीहरुको लागि फर्निचर (टेबुल, कुर्सी, दराज, सोफा) तथा कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपि मेशिन लगायत कार्यसञ्चालनको लागि अत्यावश्यक अन्य सामानको व्यवस्था तत्काल नै गर्नुपर्ने देखिएको।

२ कार्यालयले फर्निचर, कम्प्युटर, ल्यापटप, फोटोकपि मेशिन, प्रिन्टर लगायतका कार्यालय सामग्रीहरु एक आर्थिक वर्षभित्र पटक-पटक गरी टुक्र्याएर सोझै खरिद गरेको।

३ कार्यालयले एउटा दुई पाँग्रे सवारी साधन (150 cc को Bajaj Motorcycle) सोझै खरिद गरेको।

# परिच्छेद - ३

## अध्ययनको निष्कर्ष

१. कुनै पनि मन्त्रालय/सचिवालय/कार्यालयहरुले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेको देखिएन।

२. वार्षिक बजेटको विनियोजन र सवारी साधन खरिद सम्बन्धी मापदण्ड स्वीकृत भएको समयलाई मध्यनजर गर्दा सवारी साधन खरिद सम्बन्धी प्रक्रिया २०७५ वैशाख पछि अगाडी बढाउन सक्ने अवस्था विद्यमान रहेको।

३. सबै मन्त्रालय, सचिवालय, कार्यालयहरुमार्फत् खरिद भएको फर्निचर, कम्प्युटर, ल्यापटप, फोटोकपि मेशिन, प्रिन्टर लगायतका सामग्रीहरु प्रतिस्पर्धा सिमित हुने गरी एकै आर्थिक वर्षभित्र एकै महिनामा समेत टुक्रा-टुक्रा गरी पटक पटक खरिद गरिएको।

४. खरिद प्रक्रियामा अवलम्बन गरिएको ऐन बमोजिम विशेष परिस्थितिको व्याख्या औचित्यपूर्ण देखिएन।

**[“विशेष परिस्थिति” भन्नाले सुख्खा, अनावृष्टि, अतिवृष्टि, भूकम्प, बाढी, पहिरो, आगलागि जस्ता प्राकृतिक वा दैवी प्रकोपतथा महामारी वा आकस्मिक वा अप्रत्याशित विशेष कारणबाट सृजित परिस्थिति सम्झनु पर्छ र सो शब्दले युद्ध वा आन्तरिक द्वन्द जस्ता परिस्थिति समेतलाई जनाउनेछ। सार्वजनिक खरिद ऐन २०६३ को दफा २(ढ)]**

५. ऐन बमोजिम प्रस्तावित आपूर्तिकर्ता वा सेवा प्रदायकबाट प्रस्ताव गरिएको मूल्य उचित भए/नभएको यकिन गर्न सम्बन्धित सार्वजनिक निकायले बजार अध्ययन, पूर्व खरिद मूल्य तथा लागत अनुमानका आधारमा दर विश्लेषण नगरी एवम् अन्य सेवा प्रदायकसँग वार्ता तथा छलफल नगरी सोझै खरिद गरेको देखिन्छ।

६. मन्त्रालयको गठन २०७४ माघ २८ गते नै भईसकेको अवस्थामा सवारी साधन के कति आवश्यक हो भन्ने विषय पूर्वानुमान गर्न सकिने अवस्थामा सामाजिक विकास मन्त्रालयले एक थान सवारी साधन खरिद गर्न सूचना प्रकाशन गरेकोमा तत्काल नै थप अर्को सवारी साधन पनि आवश्यक परेको भनि सूचीकृत भएको यद्यपि छनौटमा नपरेको

दोस्रो कम्पनीसँग मन्त्रिपरिषद्को निर्णय बमोजिम पहिलो भन्दा महँगोमा क्याटलग सपिङ्ग विधिभन्दा बाहिर गई सोझै खरिद गरेको देखिन्छ। सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४१ को उपदफा (१) को खण्ड (ख) (ङ) र (च) बमोजिम खरिद गर्दा सोहि ऐनको दफा ४१ को उपदफा २ बमोजिम खरिद गर्न सकिने व्यवस्था भएपनि उक्त व्यवस्था विपरीत खरिद गरेको र सवारी कर बढ्ने भएकोले प्रदेश सरकारलाई आर्थिक भार पर्ने हुँदा खरिद गर्नु परेको भन्ने औचित्य पुष्टि नभएको।

७. महालेखापरीक्षकको प्रतिवेदनले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको सवारी साधन खरिद शीर्षकमा रु.२१ लाख ९० हजार खर्च भएको देखाएको छ। यद्यपि मन्त्रालयबाट प्राप्त कागजात अनुसार क्याटलग सपिङ्ग विधिबाट सिप्रदी ट्रेडिङ्ग प्रा.लि. काठमाण्डौंसँग (TATA Strome VX 4*4) रु.५९३५०००/- मा सवारी साधन खरिद गरेको पाईयो।

८. महालेखापरीक्षकको प्रतिवेदनले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सवारी साधन खरिद शिर्षकमा रु.१ करोड २९ लाख ३० हजार खर्च भएको देखाएको छ। यद्यपि मन्त्रालयबाट प्राप्त कागजातको अध्ययन गर्दा क्याटलग सपिङ्ग विधिबाट सिप्रदी ट्रेडिङ्ग प्रा.लि. काठमाण्डौंसँग (TATA STROME VX 4WD) रु.५८,९०,०००/- मा एक थान चार पाँग्रे सवारी साधन खरिद गरेको पाईयो।

९. महालेखापरीक्षकको प्रतिवेदनले भौतिक पूर्वाधार विकास मन्त्रालयले क्याटलग सपिङ्ग विधिबाट सवारी साधन खरिद दुई वटा चार पाँग्रे सवारी साधन (Right Hand Drive Compact SUV रु.४१४९०००/- मा Pioneer Moto Corp. Pvt.Ltd, Kathmandu बाट र Right Hand Drive Hard Top Jeep Sumo Gold रु.३४९००००/- मा Sipradi Trading Ltd. Kathmandu बाट) बोलपत्रको माध्यबाट र चार थान मोटरसाइकल (Discover 150 cc जम्मा रु.८१५६००/-) शिलबन्दी दरभाउपत्र मार्फत् खरिद गरेको र विभिन्न समयमा अन्य मोटरसाइकल, स्कुटर र साईकल सोझै खरिद गरेको देखिन्छ।

१०. भौतिक पूर्वाधार विकास मन्त्रालयको बोलपत्र र शिलबन्दी दरभाउपत्रको माध्यद्धारा सवारी साधन खरिद गरेको देखिएको तर सोही समयमा अन्य मन्त्रालय/निकायले विशेष परिस्थिति भनी क्याटलग सपिङ्ग विधिबाट खरिद गरेको देखिएकोले उक्त समय विशेष परिस्थिति हो भन्ने पुष्टि हुन नसकेको।

११. आन्तरिक मामिला तथा कानून मन्त्रालयले दुई पाँग्रे सवारी साधन (मोटरबाइक र स्कुटर) क्याटलग सपिङ्ग विधिबाट खरिद गरेको छ भने अग्नी इन्कर्पोरेटेड प्रा.लि. काठमाण्डौंसँग Mahendra Scorpio S11 4WD रु.५९९००००/- र सिप्रदी ट्रेडिङ्ग प्रा.लि. काठमाण्डौंसँग TATA Strome रु.५८९००००/- मा दुई वटा चार पाँग्रे सवारी साधन एकै पटक/एकै महिनाभित्र क्याटलग सपिङ्ग विधिबाट खरिद गरेको देखिन्छ। यसरी खरिद गरिदा उत्पादक तथा अधिकृत बिक्रेताद्धारा निर्धारित दरमा (क्याटलग सपिङ्ग) खरिद गर्ने कार्यविधि, २०७४ को नियम १८(१क) र (२) उल्लङ्घन भएको पाईयो।

# परिच्छेद – ४

## सुझावहरु

१. अध्ययनबाट प्राप्त निष्कर्ष अनुसार कुनै पनि निकायले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार नगरी खरिद गरेको देखिएकोले आगामी दिनमा प्रचलित ऐन बमोजिम खरिदको गुरुयोजना (मास्टर प्रोक्युरमेन्ट प्लान) र वार्षिक खरिद योजना अनुसार मात्र खरिद गर्नु पर्ने।

२. सोझै खरिद गर्नु पर्ने विशेष परिस्थिति भएमा प्रचलित ऐन बमोजिम प्रस्तावित आपूर्तिकर्ता वा सेवा प्रदायकबाट प्रस्ताव गरिएको मूल्य उचित भए/नभएको यकिन गर्न सम्बन्धित सार्वजनिक निकायलाई बजार अध्ययन, पूर्व खरिद मूल्य तथा लागत अनुमानका आधारमा दर विश्लेषण एवम् अन्य सेवा प्रदायकसँग समेत वार्ता तथा छलफल गरेर मात्र खरिद सम्बन्धी कारबाही अगाडी बढाउनु पर्ने।

३. सोझै खरिद गर्नु पर्ने विशेष परिस्थिति हो भन्ने एकिन भई खरिद गर्नु परेको खण्डमा पनि कतिपय निकायहरुले प्रतिस्पर्धा सिमित हुने गरी एकै आर्थिक वर्षभित्र एकै महिनामा समेत टुक्रा-टुक्रा गरी पटक पटक खरिद गर्ने गरेको देखिएकोले आगामी दिनमा त्यस्तो नगर्न र नियमावलीको नियम ८५(१ख) र नियम १४५(२) को पालना गर्न सचेत गराउने। साथै प्रत्येक सार्वजनिक निकायले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६(क) बमोजिमको सूची तयार गरेर मात्र खरिद कार्य गर्नु पर्ने।

४. कुनै पनि खरिद सम्बन्धी कार्य गर्दा वार्षिक खरिद गुरुयोजना/योजना अनुसार बोलपत्रको माध्यमबाट मात्र गर्नु पर्ने।

५. सामाजिक विकास मन्त्रालयले एक थान सवारी साधन खरिद गर्न सूचना प्रकाशन गरेकोमा तत्काल नै थप अर्को सवारी साधन पनि आवश्यक परेको भनि सूचीकृत भएको यद्यपि छनौटमा नपरेको दोस्रो कम्पनीसँग मन्त्रिपरिषद्को निर्णय बमोजिम पहिलो सवारी साधन भन्दा महँगोमा क्याटलग सपिङ्ग विधिभन्दा बाहिर गई सोझै खरिद गरेको देखिएकोले आगामी दिनमा त्यस्तो कार्य नगर्न/नगराउन सम्बन्धित मन्त्रालय एवम् मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई निर्देशन दिने। विशेष परिस्थितिको औचित्य पुष्टि नभएको, उत्पादक वा अधिकृत बिक्रेताद्धारा निर्धारित दरमा (क्याटलग सपिङ्ग) खरिद गर्ने कार्यविधि, २०७४ को नियम १८(१) मा तोकिएको सीमा भन्दा बाहिर गई एकै पटकमा रु.१

करोड १८ लाख ८० हजारमा खरिद गरेको, तत्कालिन अवस्थाको मूल्य भेरिफिकेशन समेत गर्नु पर्ने अवस्था देखिएको र मन्त्रिपरिषदबाट खरिद गर्नु पर्ने कारण पनि पुष्टि नभएकोले तत् सम्बन्धमा थप छानविन गरी उक्त निर्णय प्रक्रियामा संलग्न पदाधिकारीलाई आवश्यक कानूनी कारबाहीको लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई सिफारिस गर्नु पर्ने।

६. सार्वजनिक निकायमा हुने सार्वजनिक खरिद तथा निर्माण सम्बन्धी कार्यप्रति विशेष ध्यान दिई औचित्यता पुष्टि हुने गरी लेखापरीक्षण कार्य गर्न/गराउन महालेखापरीक्षकको कार्यालयलाई समेत ध्यानाकर्षण गराउनु पर्ने।

७. महालेखापरीक्षकको प्रतिवेदनले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको सवारी साधन खरिद शीर्षकमा रु.२१ लाख ९० हजार खर्च भएकोमा मन्त्रालयबाट प्राप्त कागजातको अध्ययन गर्दा क्याटलग सपिङ्ग विधिबाट सिप्रदी ट्रेडिङ्ग प्रा.लि. काठमाण्डौंसँग (TATA Strome VX 4*4) रु.५९३५०००/- मा सवारी साधन खरिद गरेको पाईएकोले सो सम्बन्धमा महालेखापरीक्षकको कार्यालयको ध्यानाकर्षण गराउनुका साथै मन्त्रालयलाई सो शिर्षक (सवारी साधन खरिद) मा आ.व. २०७४/७५ मा भएको खर्चको वास्तविक जानकारी समितिलाई उपलब्ध गराउन निर्देशन दिनु पर्ने।

१२. महालेखापरीक्षकको प्रतिवेदनले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सवारी साधन खरिद शिर्षकमा रु.१ करोड २९ लाख ३० हजार खर्च भएको देखाएकोमा मन्त्रालयबाट प्राप्त कागजातको अध्ययन गर्दा क्याटलग सपिङ्ग विधिबाट सिप्रदी ट्रेडिङ्ग प्रा.लि. काठमाण्डौंसँग (TATA STROME VX 4WD) रु.५८,९०,०००/- मा एक थान चार पाँग्रे सवारी साधन खरिद गरेको पाईएकोले सो सम्बन्धमा मन्त्रालयसँग सवारी साधन खरिदको पूर्ण र वास्तविक जानकारी माग गर्नुपर्ने।

१३. महालेखापरीक्षकको प्रतिवेदनले भौतिक पूर्वाधार विकास मन्त्रालयले क्याटलग सपिङ्ग विधिबाट सवारी साधन खरिद गरेको भनी देखाएको यद्यपि मन्त्रालयबाट प्राप्त कागजातको अध्ययन गर्दा चार पाँग्रे सवारी साधन दुई थान बोलपत्र र दुई पाँग्रे सवारी साधन शिलबन्दी दरभाउ पत्रको माध्यबाट खरिद गरेको देखिएकोले सो सम्बन्धमा भएको त्रुटीबारे महालेखापरीक्षकको कार्यालयको ध्यानाकर्षण गराउनु पर्ने।

८. आन्तरिक मामिला तथा कानून मन्त्रालयले दुई पाँग्रे सवारी साधन (मोटरबाइक र स्कुटर) क्याटलग सपिङ्ग विधिबाट खरिद गरेको एवं अग्नी इन्कर्पोरेटेड प्रा.लि. काठमाण्डौंसँग Mahendra Scorpio S11 4WD रु.५९९०००००/- र सिप्रदी ट्रेडिङ्ग प्रा.लि. काठमाण्डौंसँग TATA Strome रु.५८९०००००/- मा दुई वटा चार पाँग्रे सवारी साधन एकै पटक/एकै महिनाभित्र क्याटलग सपिङ्ग विधिबाट खरिद गरेको देखिन्छ। यसरी खरिद गरिदा उत्पादक तथा अधिकृत बिक्रेताद्धारा निर्धारित दरमा (क्याटलग सपिङ्ग) खरिद गर्ने कार्यविधि, २०७४ को नियम १८(१क) र (२) उल्लङ्घन भएको पाईएकोले तत् सम्बन्धमा थप छानविन गरी उक्त निर्णय प्रक्रियामा संलग्न पदाधिकारीलाई आवश्यक कानूनी कारबाहीको लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई सिफारिस गर्नु पर्ने।

# अनुसूची-१

## उपसमितिका सदस्य तथा कर्मचारीहरु

| क्र.सं. | नाम, थर |
|---|---|
| १ | माननीय प्रभात तामाङ्ग - संयोजक |
| २ | सदस्य माननीय ओम बहादुर ग्लान - सदस्य |
| ३ | माननीय मुनु सिग्देल - सदस्य |
| ४ | माननीय रमेश पौड्याल - सदस्य |
| ५ | माननीय रिता माझी - सदस्य |
| ६ | श्री अम्बिक घिमिरे - सदस्य सचिव |
| ७ | श्री त्रिपुरारी बखेल - अधिकृत छैटौं |
| ८ | श्री धिरज ढकाल - माइक अपरेटर |

## अनुसूची-२

## <u>उपसमितिको बैठकमा सदस्यहरुको उपस्थितिको अवस्था</u>

## (बैठक संख्या १ देखि ९ सम्म)

| क्र.सं. | नाम थर | उपस्थि | कैफियत |
|---|---|---|---|
| १ | माननीय न्हुक्षे नारायण श्रेष्ठ - सभापति | ७ | |
| २ | माननीय प्रभात तामाङ्ग - संयोजक | ९ | |
| ३ | सदस्य माननीय ओम बहादुर ग्लान - सदस्य | ८ | |
| ४ | माननीय मुनु सिग्देल - सदस्य | ८ | |
| ५ | माननीय रमेश पौड्याल - सदस्य | ९ | |
| ६ | माननीय रिता माझी - सदस्य | ९ | |
| ७ | श्री अम्बिक घिमिरे - सदस्य | ९ | |

# अनुसूची-३

## उपसमितिको पत्राचार

प्रदेश सभा
सार्वजनिक लेखा समिति
बागमती प्रदेश
हेटौंडा, मकवानपुर

प.सं. ०७६/७७ मिति २०७७/०२/१८
च.नं. २५

विषयः विवरण उपलब्ध गराई दिनुहुन।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय, हेटौडा, मकवानपुर

श्री प्रदेश सभा सचिवालय, हेटौडा, मकवानपुर

श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय, हेटौडा, मकवानपुर

श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, हेटौडा, मकवानपुर

श्री आर्थिक मामिला तथा योजना मन्त्रालय, हेटौडा, मकवानपुर

श्री भूमि व्यबस्था, कृषि तथा सहकारी मन्त्रालय, हेटौडा, मकवानपुर

श्री सामाजिक विकास मन्त्रालय, हेटौडा, मकवानपुर

श्री भौत्तिक पूर्वाधार विकास मन्त्रालय, हेटौडा, मकवानपुर

श्री मुख्यन्यायाधिवक्ताको कार्यालय, हेटौडा, मकवानपुर

प्रस्तुत विषयमा प्रदेश सभा सार्वजनिक लेखा समिति अन्तर्गत गठित खरिद अध्ययन तथा अनुगमन उपसमितको मिति २०७७/०२/१४ गतेको तपसिल बमोजिमको निर्णयानुसार विस्तृत विवरण उपलब्ध गराई दिनुहुन आदेशानुसार अनुरोध छ।

निर्णयः

प्रदेश मन्त्रालय, सचिवालय एवम् मातहतका निकायहरुले कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपि मेसिन, फर्निचर र सवारीसाधन लगायतका सामान ऐन बमोजिम सोझै र क्याटलग सपिङ्ग विधिबाट खरिद गर्नुपर्ने तत्कालिन अवस्था हो वा होइन सो सम्बन्धमा महालेखापरीक्षकको वार्षिक प्रतिवेदनको छलफलका क्रममा चित्त बुझ्दो जवाफ नआएकोले उक्त प्रक्रियाद्धारा खरिद गर्नुपर्ने स्पष्ट कारण सहित विस्तृत विवरण माग गर्ने।

२०७७/०२/१८

(अम्बिक घिमिरे)
समिति सचिव

O/C

प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल ।

फोन नं.०५७-४१२८३५

प.स. : 066/066

च.नं. १२५६

द-१ 03 066/2/20 मिति: २०७७/०२/१९

श्री सार्वजनिक लेखा समिति,

बागमती प्रदेश,

हेटौंडा, मकवानपुर ।

विषय: जवाफ पठाइएको सम्बन्धमा ।

उपर्युक्त सम्बन्धमा आर्थिक वर्ष २०७४/७५को लेखापरीक्षणका क्रममा महालेखापरीक्षकको कार्यालयले औंल्याएको सैद्धान्तिक बेरुजुका सम्बन्धमा ताहाँ समितिको च.नं. २५ मिति २०७७/०२/१८ को पत्रबाट माग भएको जवाफका सम्बन्धमा तपशिल बमोजिमका कारणहरु पेस गरिएको छ:

१.नेपालको संविधान २०७२ बमोजिम नेपाल सरकारले प्रदेश सरकार गठन गर्न निर्णय भए बमोजिम मिति २०७४/१०/२८ मा मन्त्रालयको स्थापना भएको,

२.मन्त्रालयको स्थापना गर्दा कुनै पनि संरचना नरहेको साथै कर्मचारी समेत तत्काल खटाइ सम्पूर्ण पूर्वाधार तयार गर्नु पर्ने तत्कालीन अवस्थामा वार्षिक खरिद योजना तयार गरी बोलपत्रका माध्यमबाट खरिद गर्न सकिने समय नरहेको,

३.तत्कालै कार्यकक्ष निर्माण गर्नुका साथै माननीय मन्त्रीज्यूलाई सवारी साधन उपलब्ध गराउनु पर्ने जस्ता परिस्थिति रहेकाले

क. सार्वजनिक खरिद ऐन २०६३को दफा ४१ र नियमावली २०६४ नियम ८५ बमोजिम नै आवश्यकताका आधारमा अति आवश्यक मालसामन खरिद गरिएको

ख. सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ को उपदफा (१) खण्ड (क) को देहाय (८) र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ख मा भएको व्यवस्थाको अधिनमा रही सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६५ को उपदफा (१)(ख) को अधिकार प्रयोग गरी उत्पादक वा अधिकृत बिक्रेताद्वारा निर्धारित दरमा (क्याटलग सपिङ्) गर्ने व्यवस्था भएको र

सोही व्यवस्था बमोजिम सार्वजनिक खरिद अनुगमन कार्यालयले मिति:२०७४।०३।२६ स्वीकृत उत्पादक वा अधिकृत बिक्रेताद्वारा निर्धारित दरमा (क्याटलग सपिङ्ग) खरिद गर्ने कार्यविधि, २०७४ जारी गनर्का साथै तपशिल बमोजिमका मालसामानहरु खरिद गर्न सकिने व्यवस्था भएको देखिएकाले

क) हेभी इक्विपमेन्ट,

ख) सवारी साधन,

ग) औजार,

घ) मेशिनरी,

ङ) उपकरण,

च) एक्सरे वा एमआरआई जस्ता स्वास्थ्य सेवाको लागि आवश्यक पर्ने उपचारजन्य यन्त्र वा यस्तै अन्य यान्त्रिक मालसामानहरु ।

सार्वजनिक खरिद ऐन र नियमावली बमोजिम नै खरिद गरिएको हो ।अत: यसमा कुनै हानी नोक्सानी नहुनुका साथै कानुन बमोजिम नै खरिद भएकाले उक्त बेरुजु लगत कट्टा हुन अनुरोध छ ।

२०७७/२/१९

दिपक काफ्ले

(प्रदेश सचिव)

सचिव

*पुनश्च: महालेखा परीक्षकको उक्त प्रतिवेदनमा सार्वजनिक खरिद ऐन २०६३को दफा ६६ र नियमावली २०६४ को नियम १४५ बमोजिम खरिद गर्नु पर्ने कुरा उल्लेख भएको सन्दर्भमा यी दफामा विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था रहेको तर सार्वजनिक खरिद ऐन २०६३को विशेष परिस्थिको व्याख्यामा "विशेष परिस्थिति" भन्नाले सुख्खा, अनावृष्टि, अतिवृष्टि, भूकम्प, बाढी, पहिरो, आगलागि जस्ता प्राकृतिक वा दैवी प्रकोप तथा महामारी वा आकस्मिक वा अप्रत्याशित विशेष कारणबाट सृजित परिस्थिति सम्झनु पर्छ र सो शब्दले युद्ध वा आन्तरिक द्वन्द जस्ता परिस्थिति समेतलाई जनाउनेछ भन्ने उल्लेख भएको देखिएको र प्रदेश सरकार स्थापना गर्नु पर्ने जस्ता परिस्थितिको व्याख्यालाई ऐनमा समेटको नपाइएकाले उक्त दफा बमोजिम खरिद नगरिएको हो ।*

प्रदेश सरकार

# आन्तरिक मामिला तथा कानून मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

पत्र संख्या :- ०७६।७७

चलानी नं. :- ९५८९

मिति २०७७।०२।२२

विषय : प्रतिवेदन पेश सम्बन्धमा ।

श्री सार्वजनिक लेखा समिति

प्रदेश सभा, बागमती प्रदेश ।

प्रस्तुत विषयमा तहाँ समितिको मिति २०७७।०२।१८, च.नं. २५ को पत्रानुसार महालेखा परिक्षकको कार्यालयबाट यस मन्त्रालयको आ.व २०७४।०७५ मा लेखा परिक्षणबाट औल्याईएका कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपि मेसिन, फर्निचर र सवारीसाधन लगायतका सामान ऐन बमोजिम सोझै र क्याटलक सपिङ्ग विधिबाट खरिद गर्नुपर्ने तत्कालिन अवस्था हो वा होइन सो सम्बन्धमा स्पष्ट कारण माग भए अनुसार तपिशल बमोजिम व्यहोरा जानकारीको लागि अनुरोध गर्दछु ।

तपशिल

- तत्कालिन समयमा कार्यालय स्थापनाको लागि फर्निचर तथा कम्प्युटर ल्यापटपहरु अत्यावश्यक भएको हुदा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५(१) अनुसार पाँच लाख रुपैयासम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था भएको हुदा उक्त सामाग्रीहरु मन्त्रालयमा सुचिकृत तिन फर्म मध्येबाट लागत प्रस्तावको आधारमा एक फर्म छनौट गरि खरिद प्रकृया गरेको ,
- साथै पाँच लाख भन्दा माथिका सामाग्री खरिद को हकमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४० को उपदफा ३ बमोजिम राष्ट्रिय स्तरको दैनिक पत्रिकामा शिलबन्दी दरभाउपत्र आहवानको सुचना बमोजिम खरिद कार्य गरेको ,
- सवारी साधनको हकमा मन्त्रालयमा सवारी साधनको अभाव रहेको कारण मन्त्रालयको कामकारबाहीमा समेत कठिनाइ परेको हुदा यथासिघ्र चारपाङ्ग्रे सवारी साधन खरिद गर्नुपर्ने भएको र सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा विधि छनौट गर्नुपर्ने व्यवस्था अन्तर्गत दफा ८(१)क (८) मा रहेको उत्पादक वा अधिकृत बिक्रेताद्वारा निर्धारित दरमा ( क्याटलक सपिङ्ग ) खरिद गर्ने व्यवस्था बमोजिम मन्त्रालयले क्याटलक सपिङ्ग कार्यविधि, २०७४ बमोजिम राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सवारी बोलपत्रको सुचना निकालेर प्रदेश मन्त्रिपरिषद्को मिति २०७५।०२।२३ को निर्णयबाट एक थान गाडी खरिद गरेको । साथै सो कार्यबाट कुनै पनि किसिमको सरकारी हानी नोक्सानी नभएको ।

विनोद प्रकाश सिंह
सचिव

फोन नं.०५७-५२७५१२, ०५७-५२७५१३ फ्याक्स :०५७-५२७५१५ ईमेलः moial.p3@gmail.com

प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर

पत्र संख्या :- ०७६/०७७

चलानी नं. :- २२१६

मिति : २०७७/०२/२५

विषय : विवरण उपलब्ध गराईएको सम्बन्धमा ।

माननीय सभापति ज्यू

सार्वजनिक लेखा समिति,

प्रदेश सभा,बागमती प्रदेश

द.नं. ०८ ०७७।२।२६

प्रस्तुत विषयमा तांहाको प.सं. ०७६/७७ च.नं. २५ मिति २०७७/०२/१८ को प्राप्त पत्रानुसार माग भएको विवरण निम्नानुसार भएको व्यहोरा अनुरोध छ । मिति २०७४/१०/२८ मा स्थापित यस कार्यालयको दैनिक प्रशासनिक कार्य तत्काल सुचारु गर्नको लागि अत्यावश्यक सवारी साधन,फर्निचर तथा मेशिनरी औजार (कम्प्युटर,ल्यापटप,प्रिन्टर,फोटोकपी मेशिन आदि) हरु मध्ये तत्काल आबश्यक भएको सवारी साधनको खरिद सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८ तथा सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ३१ ख अनुसार उत्पादक वा अधिकृत बिक्रेताद्वारा निर्धारित दरमा (क्याटलग सपिंग) खरिद गर्ने कार्यविधि,२०७४ अनुसार खरिद गरिएको र मा.मुख्यमन्त्रीज्यू एवं सचिवालय तथा कार्यालयमा सरुवा भै आउने कर्मचारीहरुको पदपूर्तिको आधारमा तत्कालको आबश्यकता अनुसारको फर्निचर तथा मेशिनरी औजार (कम्प्युटर,ल्यापटप,प्रिन्टर,फोटोकपी मेशिन आदि) हरु सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८५ को उप नियम १ (क) र उप नियम ४ मा उल्लेखित प्रक्रिया अनुसार खरिद गरिएको व्यहोरा अनुरोध छ ।

२।२६

भागिरथ पाण्डेय

सचिव

प्रदेश सरकार
# उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

फोन : ०५७-५२५६१७
E-mail: moitfe3@gmail.com

पत्र संख्या :- २०७६/७७
चलानी नं. :- १६२१

मितिः२०७६/०२/२८

विषयः- विवरण उपलव्ध गराईएको सम्वन्धमा।

माननीय सभापतिज्यू
सार्वजनिक लेखा समिति
प्रदेश सभा,बागमती प्रदेश

प्रस्तुत विषयमा तहाँको प.स. २०७६/०७७ च.न. २५ मिति २०७७/०२/१८ को प्राप्त पत्रानुसार माग भएको विवरण निम्नानुसार भएको व्यहोरा अनुरोध छ।मिति २०७४/१०/२८ मा स्थापना भएको यस मन्त्रालयको आफ्नो भवन कुन हो भन्ने कुनै निश्चित भै नसकेको, मन्त्रालयमा के-कती जनशक्ति आउने हो सो को कुनै टुङ्गो नलागेको र मन्त्रालय स्थापना भै सके पश्चात दैनिक प्रशासनिक कार्य तत्काल सुचारु गर्न अत्यावश्यक भएको र मन्त्रालयसग कुनै पनि स्रोत साधन नरहेको परिस्थितीमा यस मन्त्रालयवाट अत्यावश्यक सवारी साधन, फर्निचर तथा मेशिनरी औजार (कम्प्युटर, ल्यापटप, प्रिन्टर, फ्याक्स मेशिन तथा फोटोकपि मेशिन) हरु जनशक्ती पदपुर्ति को आधारमा तत्काल आवश्यकता भए अनुसारनै प्रचलित कानुनी व्यवस्था अनुसारनै खरिद गरिएको छ।मन्त्रालयवाट खरिद गरिएको मालसामानमा सवारी साधनको खरिद सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८ तथा सार्वजनिक खरिद नियममावली २०६४ को नियम ३१ ख अनुसार उत्पादक वा अधिकृत बिक्रेताद्वारा निर्धारित दरमा (क्याटलग सपिङ्ग) खरिद गर्ने कार्यविधि २०७४ अनुसार खरिद गरिएको र फर्निचर तथा मेशिनरी औजार हरु मन्त्रालयलाई प्राप्त भवन र कोठाहरु तथा क्रमश हाजिर भई पदपुर्ति भएको जनशक्तिलाई आवश्यक पर्ने परिमाणहरु तत्कालिन आवश्यकताको आधारमा विभिन्न मिति र चरणहरुमा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ र नियम ८५ को उप-नियम १ (क) र उप-नियम ४ मा उल्लेखित प्रक्रिया अनुसार खरिद गरिएको व्यहोरा अनुरोध छ। साथै यस मन्त्रालयवाट आ.व. २०७४/०७५ मा विभिन्न मितिमा खरिद गरिएको सामानको विवरण यसैसाथ संलग्न रहेको व्यहोरा समेत अनुरोध छ।

निरञ्जन श्रेष्ठ
महाशाखा प्रमुख
(अधिकृतस्तर दशौं)

# प्रदेश सरकार
## आर्थिक मामिला तथा योजना मन्त्रालय
वागमती प्रदेश

हेटौंडा, मकवानपुर

(आर्थिक प्रशासन शाखा)

प.सं. ०४/२०७६/७७, च.नं. १४२८ मिति :- २०७७/०३/३१

विषय: - विवरण उपलब्ध गराईएको वारे ।

श्री प्रदेश सभा,
सार्वजनिक लेखा समिती
हेटौंडा, मकवानपुर ।

प्रस्तुत विषयमा तहाँ कार्यालयको प.सं. ०७६/०७७ च.नं. २५ मिति २०७७/०२/१८ को पत्रानुसार यस मन्त्रालयबाट आ.ब. २०७४/०७५ मा खरिद गरिएको कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपी मेसिन, फर्निचर र सवारीसाधन लगायतका सामानको विवरण माग गरिएकोमा यस मन्त्रालयको अभिलेखमा देखिए वमोजिमको विवरण पाना -२ (दुई) तथा खरिद संग सम्वन्धित -३१ (एकतिस) थान विल/विजकका प्रमाणित प्रतिलिपी यसै साथ संलग्न गरी तहाँ पठाईएको व्यहोरा अनुरोध छ । मन्त्रालय स्थापनाको पहिलो वर्ष भएको तथा कार्यालय सञ्चालनको लागि अतिआवश्यक सामाग्रिहरु नियमानुसारको प्रकृया अवलम्वन गरी शिलवन्दि दरभाउपत्र, क्याटलग सपिगं विधी र सोझै खरिद विधीवाट खरिद गरिएको देखिएको व्यहोरा अनुरोध छ ।

.....................................
(डा.मुकुन्द प्रसाद पौडयाल)
सचिव

प्रदेश सरकार
# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर नेपाल

पत्र संख्या :- ०७७/०७८ मिति २०७७/०४/०४
चलानी नं. :- ५४

विषय : विवरण उपलब्ध गराएको ।

श्री प्रदेश सभा
सार्वजनिक लेखा समिति
बागमती प्रदेश,हेटौडा

प्रस्तुत विषयमा तहाँको च.न. २५ मिति २०७७/०२/१८ को पत्र प्राप्त भै व्यहोरा अवगत भयो । सो सम्वन्धमा आ.व. ०७४/०७५ मा यस मन्त्रालय सचिवालय एवं मातहत निकायको लागि आवश्यक कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपी मेसिन, फर्निचर र सवारी साधन लगायतका सामान खरिद गर्दा अपनाईएका प्रकृयाहरु सो को आवश्यकता र अवस्था निम्नानुसार भएको व्यहोरा सादर अनुरोध छ ।

तपसिल

| क.स | सामान खरिद प्रकृया तथा भुक्तानी मिती | सामानको विवरण | खरिद गर्नाको कारण | खर्च रकम |
|---|---|---|---|---|
| १ | मिति २०७४/१२/१४ मा ३ वटा दरभाउ प्राप्त गरि खरिद गरिएको सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५(१) क वमोजिम | अफिस दराज-४ थान<br>अफिस टेवुल-२ थान<br>अफिस टेवुल-५ थान<br>फाईल क्याविनेट-२ थान<br>सोफा (2*2*1)-४ सेट<br>रिवल्वीङ कुर्सी-४ थान<br>रिवल्वीङ कुर्सी-७ थान | मन्त्रलय स्थापना भएको पहिलो वर्ष भएकोले तुरुन्तै व्यवस्थापन गर्नु पर्ने भएकोले दरभाउपत्र प्राप्त गरि खरिद गरिएको | ४९९३७५।०० |
| २ | मिति २०७४/१२/१४ मा ३ वटा दरभाउ प्राप्त गरि खरिद गरिएको सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५(१) क वमोजिम | डस्कटप कम्प्युटर-५ थान<br>प्रिन्टर- ३थान<br>मल्टीप्रपोज प्रिन्टर-१ थान<br>भ्याकुम क्लिनर-१ थान<br>कम्प्युटर-१ थान | मन्त्रलय स्थापना भएको पहिलो वर्ष भएकोले तुरुन्तै व्यवस्थापन गर्नु पर्ने भएकोले दरभाउपत्र प्राप्त गरि खरिद गरिएको | ४९४०००।०० |
| ३ | २०७४/१२/१४ मा शिलवन्दी दरभाउ माग गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(१) वमोजिम | डेस्कटप कम्प्युटर-१० थान<br>ल्यापटप-८ थान<br>प्रिन्टर-७ थान<br>फोटोकपी मेशिन-१ थान<br>प्रिन्टर-३ थान ब्रदर<br>स्क्यानर-५ थान<br>फ्याक्स मेशिन-२ थान<br>प्रोजेक्टर-१ थान<br>डिजिटल क्यामरा-१ थान<br>सामसुङ रेफ्रिजेरेटर-१ | मन्त्रालय/मा. मन्त्रीज्युको सचिवालय संचालनमा अत्यावश्यक भै शिलवन्दी दरभाउपत्र प्राप्त गरी खरिद गरिएको | १८०५०६२।०० |

प्रदेश सरकार

# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर नेपाल

| | | | | |
|---|---|---|---|---|
| ४ | २०७४।१२।४ मा शिलवन्दी दरभाउ माग गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(१) वमोजिम | स्टील टेवल-५ थान(ठुलो)<br>स्टील टेवल-८ थान(सानो)<br>रिभल्भिङ्ग कुर्सी-८ थान(सानो)<br>रिभल्भिङ्ग कुर्सी-४ थान(ठुलो)<br>थ्री सिटर वेन्च-६ थान (स्टील)<br>कम्प्युटर टेवल-१० थान<br>स्टील दराज-१० थान<br>बुक र्‍याक ४ थान<br>सोफासेट-१० सेट<br>ओपन बुक र्‍याक-८ थान<br>टि टेवुल-१० थान<br>भिजिटर कुर्सि-६ थान<br>बक्स पलङ-१ थान<br>फोल्डिङ्ग कुर्सि-६ थान<br>सोफा सेट-२ थान | मन्त्रालय को विभिन्न कार्यकक्षको लागि अत्यावश्यक भै खरिद गरिएको | १४८९३४०।०० |
| ७ | २०७५।२।२० मा ३ वटा दरभाउपत्र प्राप्त गरी खरिद नियम ८५(१) वमोजिम | अफिस टेवल (ड्रिम)-५ थान | मन्त्रालयमा रहेको योजना तथा अनुगमन महाशाखा, खाद्य सुरक्षा महाशाखा प्रमुखहरुको कार्यकक्षमा प्रयोग गर्न खरिद भएको | २५७६४०।०० |
| ८ | २०७५।२।२८ मा ३ वटा दरभाउपत्र प्राप्त गरी खरिद नियम ८५(१) वमोजिम | डेस्कटप कम्प्युटर, CPU र मोनिटर सहित ३ थान<br>प्रिन्टर-१ थान<br>UPS-१ थान | मन्त्रालयको सहकारी महाशाखाको लागि खरिद | २८८९००।०० |
| ९ | २०७५।०३।०७ मा ३ वटा दरभाउपत्र प्राप्त गरी सोझै खरिद नियम ८५(१) वमोजिम | सर्वो ए.सि. २ टन-१ थान<br>फ्रिज-१ थान<br>टि भि-१ थान<br>ए.सि.सर्वो १ टन-२ थान | मा.मन्त्रीज्यू तथा सचिवज्यूको सचिवालय/ कार्यकक्ष मा प्रयोग | ३५६८०७।०० |
| १० | २०७५।३।८ मा ३ वटा दरभाउपत्रको आधारमा खरिद, नियम ८५(१) वमोजिम | डाईनिङ्ग सेट-१ थान<br>सोफा सेट-१ थान<br>टि टेवल-४ थान<br>साइड टेवल-१ थान<br>थ्री सिटर-१ थान<br>वेड-१ थान<br>दराज-१ थान<br>लो वेड-१ थान | मन्त्रालयको माथिल्लो तल्लामा रहेको सचिवज्यूको निवासमा प्रयोग भएको | २५३०००।०० |
| ११ | २०७५।३।१९ मा क्याटलग सपिङ्ग विधिद्वारा सार्वजनिक खरिद ऐन २०६४ को नियम ३१(ख) वमोजिम प्रकृया पुर्‍याई खरिद गरेको | ४ पाङ्ग्रे सवारी साधिन Duster Rx1-4w -१ थान जिप (विक्रेता एडभान्स अटो मोवाईल) | मन्त्रालयको सचिवज्यूले प्रयोग गर्ने गरी | ५६५३०१३।०० |

प्रदेश सरकार

# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर नेपाल

| | | | | |
|---|---|---|---|---|
| १२ | २०७५।३।१९ मा सोझै खरिद प्रकृयाद्धारा | २ टनको सर्वे ए.सि. | मन्त्रालयमा प्रयोग भएको | ९८८७५।०० |
| १३ | २०७५।३।१९ मा विभिन्न विक्रेता सँग दरभाउपत्र लिई सोझै खरिद गरेको | वेड-४ थान<br>दराज-१ थान<br>फोल्डीङ्ग कुर्सी- २० थान<br>टेवल ठुलो-१ थान<br>रिभोल्भिङ कुर्सी-२ थान<br>रिभोल्भिङ कुर्सी-२ थान(सानो)<br>कम्प्युटर टेवल-१ थान<br>सोफा सेट-१ थान | मन्त्रालयको विभिन्न कार्यकक्ष मा प्रयोग तथा सभाहलको लागि समेत खरिद भएको | ६९४९५७।०० |
| १४ | २०७५।३।२७ मा सिलवन्दी दरभाउ पत्रको माध्यमवाट सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(१) वमोजिम प्रतिस्पर्धाको आधारमा सवारी साधन खरिद | यामाहा मोटरसाईकल १४९ सि सि-७ थान र यामाहा Ray स्कुटर-२ थान | आवश्यकताको आधारमा वजेट समेत व्यवस्था भएकोले कर्मचारीहरु अफिस काममा प्रयोग गर्ने गरि खरिद | १८९७१००।०० |

**मन्त्रालयको प्रतिकृया**

आर्थिक वर्ष २०७४।७५ मा यस मन्त्रालयले उपरोक्त अनुसार मालसामान मेशिनरी औजार तथा सवारी साधन खरिद गर्दा कानूनी प्रकृया पुरा गरी ठुलो परिमाण तथा मुल्य भएको वस्तुहरु सिलवन्दी दरभाउपत्र तथा क्याटलग सपिङ्ग विधिद्धारा र तत्काल वजारवाट खरिद नगरि नहुने सामानहरु सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ वमोजिम ३ वटा दरभाउपत्रहरु प्राप्त गरी सवैभन्दा कम दरभाउ कवोल गर्ने सप्लायर्स सँग खरिद गरिएको र सोही आ.व.को २०७४।१०।१० मा मन्त्रालय स्थापना भएको हुदाँ उक्त समयमा मन्त्रालय संचालनको लागि अति आवश्यक पर्ने फर्निचर मेशिनरी औजार तथा सवारी साधन कानूनले तोकेको छोटो विधि अपनाई खरिद गरिएको व्यहोरा अनुरोध छ ।

..............................
डा.शरण कुमार पाण्डे
नि. सचिव

प्रदेश सभा
सार्वजनिक लेखा समिति
बागमती प्रदेश
हेटौंडा, मकवानपुर

प.सं. ०७७/७८
च.नं. ०५

मिति २०७७/०४/१२

विषयः विवरण उपलब्ध गराई दिनुहुन।

श्री भौतिक पूर्वाधार विकास मन्त्रालय, हेटौंडा, मकवानपुर

श्री मुख्यन्यायाधिवक्ताको कार्यालय, हेटौंडा, मकवानपुर

प्रस्तुत विषयमा प्रदेश सभा सार्वजनिक लेखा समितिको च.नं. २५, मिति २०७७/०२/१८ गतेको पत्र मार्फत खरिद अध्ययन तथा अनुगमन उपसमितको मिति २०७७/०२/१४ गतेको तपसिल बमोजिमको निर्णयानुसार विस्तृत विवरण उपलब्ध गराई दिनुहुन भनि विवरण माग भएकोमा हालसम्म पनि विवरण प्राप्त नभएकोले पुनः पत्राचार गरिएको व्यहोरा अनुरोध छ।

निर्णयः

प्रदेश मन्त्रालय, सचिवालय एवम् मातहतका निकायहरुले कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपि मेसिन, फर्निचर र सवारीसाधन लगायतका सामान ऐन बमोजिम सोझै र क्याटलग सपिङ्ग विधिबाट खरिद गर्नुपर्ने तत्कालिन अवस्था हो वा होइन सो सम्बन्धमा महालेखापरीक्षकको वार्षिक प्रतिवेदनको छलफलका क्रममा चित्त बुझ्दो जवाफ नआएकोले उक्त प्रक्रियाद्धारा खरिद गर्नुपर्ने स्पष्ट कारण सहित विस्तृत विवरण माग गर्ने।

२०७७/०४/१२
(अम्बिक घिमिरे)
समिति सचिव

**प्रदेश सभा**
**सार्वजनिक लेखा समिति**
**बागमती प्रदेश**
**हेटौंडा, मकवानपुर**

प.सं. ०७७/७८
च.नं. ९४

मिति २०७७/०८/२५

प्रदेश सभा सार्वजनिक लेखा समिति बागमती प्रदेश

**विषयः विवरण उपलब्ध गराई दिनुहुन।**

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, हेटौडा, मकवानपुर।

श्री प्रदेश सभा सचिवालय, हेटौडा, मकवानपुर।

श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय, हेटौडा, मकवानपुर।

श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, हेटौडा, मकवानपुर।

श्री आर्थिक मामिला तथा योजना मन्त्रालय, हेटौडा, मकवानपुर।

श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, हेटौडा, मकवानपुर।

श्री सामाजिक विकास मन्त्रालय, हेटौडा, मकवानपुर।

प्रस्तुत विषयमा प्रदेश सभा सार्वजनिक लेखा समिति अन्तर्गत गठित **खरिद अध्ययन तथा अनुगमन** उपसमितको मिति २०७७/०८/२५ को तपसिल बमोजिमको निर्णयानुसारको विवरण तीन दिन भित्र उपलब्ध गराइदिनुहुन आदेशानुसार अनुरोध छ।

**निर्णयः**

महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७५ मा कायम भएको बेरुजु अन्तर्गत ताँहा प्रदेश मन्त्रालय, सचिवालय एवम् मातहतका निकायहरुले कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपि मेसिन, फर्निचर र सवारीसाधन लगायतका सामान एवं सेवा ऐन बमोजिम क्याटलग सपिङ्ग विधिबाट खरिद गरिएका सामान एवं सेवाको खरिद प्रक्रियामा सहभागी सम्पूर्ण फर्म वा कम्पनीको सम्पूर्ण कागजात (कोटेशनको सूचना, कोटेशन आदि) तीन दिन भित्र प्राप्त हुनेगरी माग गर्ने।

२०७७/०८/२५

(अम्बिक घिमिरे)
समिति सचिव

O/C

**प्रदेश सभा**
**सार्वजनिक लेखा समिति**
**बागमती प्रदेश**
**हेटौंडा, मकवानपुर**

प.सं. ०७७/७८ मिति २०७७/०९/०३
च.नं. ७६

**विषयः विवरण उपलब्ध गराई दिनुहुन।**

श्री भौत्तिक पूर्वाधार विकास मन्त्रालय, हेटौंडा, मकवानपुर।

श्री मुख्यन्यायाधिवक्ताको कार्यालय, हेटौंडा, मकवानपुर।

प्रस्तुत विषयमा प्रदेश सभा सार्वजनिक लेखा समिति अन्तर्गत गठित **खरिद अध्ययन तथा अनुगमन** उपसमितको मिति २०७७/०८/२५ को तपसिल बमोजिमको निर्णयानुसारको विवरण तीन दिन भित्र उपलब्ध गराइदिनुहुन आदेशानुसार अनुरोध छ।

निर्णयः

महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७५ मा कायम भएको बेरुजु अन्तर्गत ताँहा प्रदेश मन्त्रालय, सचिवालय एवम् मातहतका निकायहरुले कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपि मेसिन, फर्निचर र सवारीसाधन लगायतका सामान एवं सेवा ऐन बमोजिम क्याटलग सपिङ्ग विधिबाट खरिद गरिएका सामान एवं सेवाको खरिद प्रक्रियामा सहभागी सम्पूर्ण फर्म वा कम्पनीको सम्पूर्ण कागजात (कोटेशनको सूचना, कोटेशन आदि) तीन दिन भित्र प्राप्त हुनेगरी माग गर्ने।

२०७७/०९/०२

(अम्बिक घिमिरे)
समिति सचिव

प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

☎ ०५७ 522385 522387 522397 522897 522898

फ्याक्सः ०५७-५२७५०७

प.सं. लेखा २०७७/०७८

च.नं. ६६६

मितिः २०७७/०८/३०

श्री प्रदेश सभा,

सार्वजनिक लेखा समिति, बागमती प्रदेश, हेटौंडा

विषयः विवरण उपलब्ध गराइएको सम्बन्धमा ।

प्रस्तुत विषयमा ताहाँ समितिको प.सं. २०७७/०७८ च.नं. १४ मिति २०७७/०८/२५ को प्राप्त पत्रानुसार माग गरिएको क्याटलग सपिङ्ग विधिबाट खरिद गरिएको विवरण अन्तर्गतको सवारी साधनको खरिद सम्बन्धि कागजातहरुको प्रतिलिपिहरु यसै पत्रसाथ संलग्न गरि पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

देवी प्रसाद गौतम

(लेखा अधिकृत)

प्रदेश सरकार

# उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

पत्र संख्याः ०७७/०७८

चलानी नं. ४०१

द.नं. १३ २०७७/०९/०२

मिति २०७७/०९/१

श्री प्रदेश सभा,

सार्वजनिक लेखा समिति, बागमती प्रदेश, हेटौंडा ।

विषयः विवरण उपलव्ध गराइएको सम्वन्धमा।

प्रस्तुत विषयमा ताहाँ समितिको प.सं २०७७/०७८ च.न. १४ मिति २०७७/०८/२५ को प्राप्त पत्रानुसार माग गरिएको क्याटलग सपिङ्ग विधिवाट खरिद गरिएको विवरण अन्तर्गतको सवारी साधनको खरिद सम्वन्धि कागजातहरुको प्रतितिलिपिहरु यसै साथ संलग्न गरि पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

२०७७/०९/०१

राधाकृष्ण फुयाल

अधिकृतस्तर छैठौं

**नोटः** आ.व २०७४/०७५ को म.ले.प प्रतिवेदनमा यस मन्त्रालयको नाममा कुनै पनि बेरुजु नरहेको व्यहोरा सदार अनुरोध छ । साथै म.ले.प को प्रतिवेदन यसै साथ संलग्न राखि पठाईएको छ।

दर्ता नं. १५
२०७७/०९/०२

प्रदेश सरकार

# आन्तरिक मामिला तथा कानून मन्त्रालय

बागमती प्रदेश

पत्र संख्या : प्र.०७७/७८
चलानी नं. : ४०१

हेटौंडा, मकवानपुर, नेपाल

मितिः २०७७/०९/०२

विषयः प्रतिवेदन पेश सम्बन्धमा ।

श्री सार्वजनिक लेखा समिति
प्रदेश सभा, बागमती प्रदेश

प्रस्तुत विषयमा तहाँ समितिको मिति २०७७/०८/२५, च.नं १४ को पत्रानुसार महालेखा परिक्षकको कार्यालयको प्रतिवेदन २०७५ मा कायम भएको बेरुजु अन्तर्गत यस मन्त्रालयमा कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपि मेसिन, फर्निचर, सवारीसाधन लगायतका सामान ऐन बमोजिम खरिद गरिएको सम्पूर्ण कागजात यसै पत्रसाथ पठाइएको व्यहोरा अनुरोध छ ।

मदन भुजेल
सचिव

सचिव

फोन नं.०५७-५२७५१२, ०५७-५२७५१३फ्याक्स :०५७-५२७५१५ईमेलः moial@bagamati.gov.np
वेभ साईटःmoial.bagamati.gov.np

☎०५७-५२३६९८

# मुख्य न्यायाधिवक्ताको कार्यालय

बागमती प्रदेश

हेटौंडा ,मकवानपुर

प.स.- २०७७/७८ | मिति -२०७७/०९/०६

च.नं.- 936

विषय – बिवरण उपलब्ध गराईएको बारे ।

श्री प्रदेश सभा ,सार्वजनिक लेखा समिति

बागमती प्रदेश ,हेटौंडा ,मकवानपुर ।

उपरोक्त सम्बन्धमा तहाँ कार्यालयको मिति २०७७/०९/०३ को च.नं. १६ को पत्र यस कार्यालयमा प्राप्त भै व्यहोरा अवगत भयो । सो पत्रमा माग भए बमोजिम आ.व. २०७४/७५ मा यस कार्यालयमा विभिन्न कोटेशनहरु बाट खरिद भएका सम्पुर्ण सामानहरुको खरिद आदेश ,दाखिला रिपोर्ट, बिल तथा भर्पाई तथा खरिद सँग सम्बन्धित निर्णयहरु यसै पत्रको साथमा संलग्न राखि पठाईएको व्यहोरा अनुरोध छ ।

(कृष्ण चन्द्र पाण्डे)

उपन्यायाधिवक्ता

## अनुसूची-४

## सान्दर्भिक ऐनमा भएको व्यवस्था

१. सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (१) को खण्ड (क) को उपखण्ड (८) र नियमावलीको नियम ३१(ख) को उत्पादक वा अधिकृत विक्रेताद्धारा निर्धारित दरमा (क्याटलग सपिङ्ग) विधिबाट गरिने खरिदको कार्यविधि।

ऐनको दफा ८ - खरिद विधि छनौट गर्नु पर्ने (१) सार्वजनिक निकायले खरिद गर्दा तोकिए बमोजिमको अवस्था र खरिद मूल्यको आधारमा देहायको कुनै एक विधि अपनाईखरिद गर्नु पर्नेछ –

(क) मालसामान, निर्माण कार्य वा अन्य सेवा खरिद गर्नु पर्दा

(८) उत्पादक वा अधिकृत बिक्रेताद्वारा निर्धारित दरमा (क्याटलग सपि·) खरिद गर्ने विधिबाट,

स्पष्टीकरण - यस उपखण्डको प्रयोजनको लागि “उत्पादक वा अधिकृत बिक्रेताद्वारा निर्धारित दरमा (क्याटलग सपि·) खरिद गर्ने विधिबाट” भन्नाले कुनै मालसामान निर्माण गर्ने कम्पनीले उत्पादनको विशेषता, गुणस्तर र सुविधाका आधारमा तय गरेको बिक्री मूल्य सम्बन्धित कम्पनीको वेभसाइट वा कागजात (ब्रोसर)मा सार्वजनिक गरेपछि समान स्तरको मालसामान उत्पादन गर्ने कम्पनीले तोकेको मूल्यमा प्रतिस्पर्धा गराई गरिने खरिद विधि सम्झनु पर्छ ।

नियमावलीको नियम ३१(ख) उत्पादक वा अधिकृत बिक्रेताद्वारा निर्धारित दरमा (क्याटलग सपिङ्ग) विधिवाट गरिने खरिदको कार्यविधि –

(१) सार्वजनिक निकायले हेभी इक्विपमेन्ट, सवारी साधन, औजार, मेशिनरी, उपकरण, एक्सरे वा एमआरआई जस्ता स्वास्थ्य सेवाको लागि आवश्यक पर्ने उपचारजन्य यन्त्र वा यस्तै अन्य यान्त्रिक मालसामानहरू त्यस्तो समान स्तरको मालसामान उत्पादन वा वितरण गर्ने उत्पादक कम्पनी वा त्यसको आधिकारिक बिक्रेतालाई कम्तीमा सात दिनदेखि बढीमा पन्ध्र दिनसम्मको लिखित सूचना दिई प्रतिस्पर्धा गराई खरिद गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम सूचना प्राप्त भएपछि त्यस्तो मालसामान बिक्री गर्न चाहने उत्पादक कम्पनी वा त्यसको आधिकारिक बिक्रेताले उत्पादनको आधिकारिक स्पेशिफिकेशन,

गुणस्तर, मूल्य र सुविधा सहितको विवरण (क्याटलग वा ब्रोसर) संलग्न राखी त्यस्तो सार्वजनिक निकायमा निवेदन दर्ता गराउनु पर्नेछ ।

तर यसरी निवेदन दर्ता गर्दा बोलपत्र जमानत आवश्यक पर्ने छैन ।

(३) उपनियम (२) बमोजिम दर्ता भएका उत्पादक कम्पनी वा त्यसको आधिकारिक बिक्रेताले पेश गरेको स्पेशिफिकेशन, गुणस्तर, मूल्य र सुविधा सहितको विवरण (क्याटलग वा ब्रोसर) हेरी समान स्पेशिफिकेशन र गुणस्तर भएका उत्पादनहरूको उत्पादक कम्पनी वा त्यसको आधिकारिक बिक्रेताको सूची तयार गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिमको सूचीको आधारमा खरिद गरिने मालसामानको परिमाण खोली उत्पादक वा अधिकृत बिक्रेताबाट तोकिएको मूल्य र सुविधा मध्ये मूल्यमा छुट वा सुविधामा थप हुन सक्ने विवरण सहितको आर्थिक प्रस्ताव माग गर्नु पर्नेछ ।

(५) उपनियम (४) बमोजिमको प्रस्ताव प्राप्त भएपछि मूल्यमा पाइने छुट र सुविधामा हुने थप समेतको आधारमा यस नियमावली बमोजिम मूल्याङ्कन गरी न्यूनतम मूल्याङ्कित सारभूत प्रभावग्राही प्रस्तावदाताको छनौट गर्नु पर्नेछ ।

(६) उपनियम (५) बमोजिम छनौट भएको प्रस्तावदातास“ग नियम ११० बमोजिम कार्यसम्पादन जमानत लिइ खरिद सम्झौता गर्नु पर्नेछ ।

(७) उपनियम (१) बमोजिमको विधि बहुवर्षीय सम्झौता गर्नु पर्ने खरिद कारबाहीमा प्रयोग गर्न सकिने छैन।

२. सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४१ को उपदफा (१) को खण्ड (क) र (घ३) र उपदफा (२) को सोझै खरिद सम्बन्धी व्यवस्था।

<u>ऐनको दफा ४१ सोझै खरिद सम्बन्धी व्यवस्था -</u> (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा मालसामान वा परामर्श सेवा वा अन्य सेवा सोझै खरिद गर्न वा निर्माण कार्य सोझै गराउन सकिनेछ -

(क) तोकिएको रकमसम्मको फुटकर खरिदमा,

(घ३) विशेष परिस्थितिमा खरिद गर्नु परेमा,

(ङ) पूर्वानुमान गर्न नसकिएको कारणले शुरु सम्झौतामा समावेश नभएको र शुरु सम्झौताबाट अलग गरी सम्पन्न गर्न प्राविधिक वा आर्थिक कारणले कठिनाई हुने भई तोकिए बमोजिमको सीमा भित्रको अत्यावश्यक निर्माण कार्य, मालसामान, परामर्श सेवा वा अन्य सेवा खरिद गर्नु परेमा, वा

(२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) को खण्ड (ख) (ङ) र (च) बमोजिम खरिद गर्दा दफा २ को खण्ड (ख) को उपखण्ड (१) बमोजिमको सार्वजनिक निकायको हकमा देहाय बमोजिमको समितिको सिफारिसको आधारमा नेपाल सरकार, मन्त्रिपरिषद्बाट निर्णय भए बमोजिम खरिद गर्नु पर्नेछ र अन्य सार्वजनिक निकायको हकमा सो निकायको सर्वोच्च कार्यकारी निकायबाट निर्णय भए बमोजिम खरिद गर्नु पर्नेछ-

(क) मुख्य सचिव, नेपाल सरकार –संयोजक
(ख) सचिव, अर्थ मन्त्रालय –सदस्य
(ग) सचिव, सम्बन्धित मन्त्रालय –सदस्य
(घ) महालेखा नियन्त्रक –सदस्य
(ङ) ................

३. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम (१) को खण्ड (क) र उपनियम (१ख) को सोझै खरिद सम्बन्धी व्यवस्था।

<u>नियम ८५. सोझै खरिद सम्बन्धी व्यवस्था-</u> (१) ऐनको दफा ४१ को उपदफा (१) को खण्ड (क) बमोजिम खरिद गर्दा उपनियम (४) को अधीनमा रही देहायको सीमा नबढ्ने गरी सोझै खरिद गर्न सकिने छ–

(क) पाँच लाख रूपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा परामर्श सेवा,

(१ख) उपनियम (१) र (१क) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक आर्थिक वर्षमा एकै पटक वा पटक–पटक गरी सो उपनियमहरुमा उल्लिखित सीमाभन्दा बढी रकमको एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न सकिने छैन।

(२) उपनियम (१) बमोजिमको खरिदको हकमा संरचनात्मक वा एकाइ दर सम्झौता गरी गर्न सकिनेछ ।

(३क) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै सार्वजनिक निकायलाई आवश्यक पर्ने मालसामानको उत्पादक नेपालमा एउटा मात्र भएको र अन्य उपयुक्त विकल्प नभएमा खरिद गर्ने सार्वजनिक निकायको प्रमुखले सोही व्यहोरा अभिलेख गरी उत्पादकसँग सोझै खरिद गर्न सकिनेछ।

(३ख) उपनियम (१क) र (३क) बमोजिम उत्पादकबाट सोझै खरिद गर्दा देहायका शर्तहरु पूरा गरेको उत्पादकबाट गर्नु पर्नेछ–

(क) त्यस्तो उत्पादकले आफ्नो उत्पादनको खुद्रा तथा डिलर बिक्री मूल्य सूची राष्ट्रियस्तरको समाचारपत्रमा प्रकाशन गरेको।

(ख) त्यस्तो उत्पादकले स्थानीय डिलरलाई दिए सरहको छूट खरिद गर्ने सार्वजनिक निकायलाई दिएको।

(३ग) सार्वजनिक खरिद अनुगमन कार्यालयले उपनियम (३क) बमोजिम खरिद भएको अवस्थामा त्यस्तो खरिदसँग सम्बन्धित उद्योगको उत्पादन लागतको परीक्षण गर्न वा गराउन सक्नेछ।त्यसरी परीक्षण गर्दा लागत अस्वाभाविक भएको पाईएमा त्यस्तो उद्योगलाई कालो सूचीमा राख्न सकिनेछ।

(३घ) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी स्वदेशी घरेलु उद्योग भनी तोकिदिएको घरेलु उद्योगबाट उत्पादित पच्चीस लाख रूपैयाँसम्मको मालसामान सार्वजनिक निकायले त्यस्तो घरेलु उद्योगसँग खरिद सम्झौता गरी सोझै खरिद गर्न सक्नेछ।

(४) सार्वजनिक निकायले एक लाख रूपैया“भन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तीमा तीनवटा आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवाप्रदायकबाट लिखितरुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नु पर्नेछ।

(५) ऐनको दफा ४१ को उपदफा (१) को खण्ड (घ) बमोजिमको प्रोपाइटरी मालसामान सोझै खरिद गर्दा साविक सम्झौता मूल्यको तीस प्रतिशत मूल्यसम्म खरिद गर्न सकिनेछ।

(५क) सार्वजनिक निकायले अर्को कुनै सार्वजनिक निकायबाट उत्पादित वा वितरित कुनै मालसामान वा सेवा खरिद गर्नु परेमा त्यस्तो मालसामान वा सेवा उत्पादन वा वितरण गर्ने सार्वजनिक निकायको अधिकार प्राप्त अधिकारीबाट निर्धारित बिक्री मूल्यमा सोझै खरिद गर्न सक्नेछ।

(५ख) सार्वजनिक निकायले कुनै अन्तर्राष्ट्रिय अन्तरसरकारी संस्था वा विदेशी मुलुकको सरकार वा त्यस्तो मुलुकको सार्वजनिक निकायस“ग कुनै मालसामान खरिद गर्नु पर्दा त्यस्तो संस्था, सरकार वा निकायबाट निर्धारित बिक्री मूल्यमा सोझै खरिद गर्न सक्नेछ।

(५ग) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक निकायले उपनियम (५क) र (५ख) बमोजिम खरिद गर्नु पर्दा कुनै जमानत माग गर्नु पर्ने छैन।

(६) ऐनको दफा ४१ को उपदफा (१) को खण्ड (क) र (ङ) को अवस्थामा बाहेक अन्य खण्डको अवस्थामा गरिएको सोझै खरिदको हकमा सार्वजनिक निकायले त्यस्तो खरिदको प्रकृति, कारण र आधार सहित निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता वा सेवा प्रदायकको नाम खुलाई सार्वजनिक रुपमा सूचना प्रकाशन गर्नु पर्नेछ।

(७) ऐनको दफा ४१ को उपदफा (१) को खण्ड (घ) को अवस्थामा खरिद गर्न एक तह माथिको अधिकारीको स्वीकृति लिनु पर्नेछ।

४. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८६ को उपनियम (१) र उपनियम (२) को सोझै खरिद गर्नु अघि यकिन गर्नु पर्ने कुरा।

<u>नियम ८६. सोझै खरिद गर्नु अघि यकिन गर्नु पर्ने कुरा-</u> (१) सार्वजनिक निकायले सोझै खरिद गर्नु अघि देहायका कुरा यकिन गर्नु पर्नेछ–

(क) खरिद गर्नु पर्ने मालसामान भण्डारमा मौज्दात भए वा नभएको,

(ख) प्रस्तावित निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता वा सेवा प्रदायकस“ग खरिद सम्झौता बमोजिमको कार्य सम्पादन गर्न आवश्यक योग्यता भए वा नभएको,

(ग) प्रस्तावित निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता वा सेवा प्रदायकले सार्वजनिक निकायको माग बमोजिम पेश गरेको प्रस्ताव त्यस्तो निकायले निर्धारण गरेको स्पेसिफिकेशन तथा प्राविधिक गुणस्तर बमोजिमको भए वा नभएको, र

(घ) प्रस्तावित निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता वा अन्य सेवा प्रदायकबाट प्रस्ताव गरिएको मूल्य उचित भए वा नभएको।

(२) उपनियम (१) को खण्ड (घ) बमोजिमको मूल्य उचित भए नभएको कुरा यकिन गर्न सार्वजनिक निकायले बजार अध्ययन, पूर्व खरिद मूल्य, लागत अनुमानका आधारमा दर

विश्लेषण गरी प्रस्तावित निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता वा अन्य सेवा प्रदायकस“ग वार्ता गर्न सक्नेछ।

(३) ऐनको दफा ४१ को उपदफा (३) बमोजिम खरिद सम्झौता गर्दा पत्राचारको माध्यमबाट समेत गर्न सकिनेछ।

५. <u>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ र नियमावली, २०६४ को नियम १४५ को विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था।</u>

<u>**ऐनको दफा ६६.** विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था-</u> (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विशेष परिस्थिति उत्पन्न भई तत्काल खरिद नगर्दा सार्वजनिक निकायलाई थप हानी नोक्सानी हुने अवस्था आई परेमा सार्वजनिक निकायले तत्काल खरिद गर्न वा गराउन सक्नेछ।

(२) सार्वजनिक निकायका प्रमुखले उपदफा (१) बमोजिमको परिस्थिति र तत्काल गर्नु पर्ने खरिद सम्बन्धी विस्तृत विवरणको जानकारी एक तह माथिको अधिकारीलाई दिनु पर्नेछ।

(३) विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

<u>**नियमावलीको नियम १४५.** विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था:</u> (१) ऐनको दफा ६६ बमोजिम खरिद गर्दा सार्वजनिक निकायले खरिदको आवश्यकताको लिखित विवरण, गुणस्तर, परिमाण, शर्त र कार्य सम्पन्न गर्ने अवधि जस्ता विवरण तयार गरी आकस्मिक परिस्थितिको सामना गर्न आवश्यक परिमाण र समयावधिका लागि मात्र यथासम्भव प्रतिस्पर्धा गराई वा एउटा मात्र निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता वा सेवा प्रदायकसँग लिखित दरभाउ वा प्रस्ताव लिइ स्वच्छ र उचित मूल्यको लागि वार्ता गरी खरिद गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम खरिद गरिएको भएमा देहायका कुरा खुल्ने कागजात नियम १४९ बमोजिमको अभिलेखमा राख्नु पर्नेछ–

(क) विशेष परिस्थिति सम्बन्धी विवरण,

(ख) तत्काल खरिद नगर्दा सार्वजनिक सुरक्षा, हित तथा सामुदायिक स्वास्थ्यमा पर्ने सङ्कट,

(ग) खरिदका अन्य विधि अपनाउन नसकिने कारण र आधार।

(३) उपनियम (१) बमोजिम सार्वजनिक निकायले दशलाख रुपैंया" भन्दा बढी रकमको खरिद गरेको भएमा त्यस्तो निकायले त्यसरी खरिद भएको विवरणको सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ र सोको जानकारी सार्वजनिक खरिद अनुगमन कार्यालयलाई पठाउनु पर्नेछ।

(३क) उपनियम (१) बमोजिमको कार्यालय स्थापना भई नसकेको अवस्थामा ऐनको दफा २ को खण्ड (ख) को उपखण्ड (१) बमोजिमको केन्द्रीयस्तरका सार्वजनिक निकायले खुला बोलपत्रको माध्यमद्वारा संरचनात्मक सम्झौता गरी अत्यावश्यक औषधिजन्य मालसामान तथा कार्यालय सञ्चालनको लागि आवश्यक पर्ने मसलन्द वा स्टेशनरी खरिद गर्न सक्नेछ। यस्तो खरिद कारबाहीको बोलपत्र सम्बन्धी कागजात तथा संरचनात्मक खरिद सम्झौताको नमुना सार्वजनिक खरिद अनुगमन कार्यालयबाट स्वीकृत भए बमोजिम हुनेछ।

६. सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ को उपदफा (२) अनुसार यस ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु हुँदैन।

# सन्दर्भ सामाग्रीहरु


- प्रदेश सभा नियमावली, २०७४
- महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०७५
- सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४,
- प्रदेश सार्वजनिक खरिद नियमावली, २०७६।
- प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ र नियमावली, २०७६।
- आ.व. २०७४/७५ को वार्षिक बजेट (प्रदेश सभाबाट स्वीकृत मिति २०७५/०१/१३)।
- सवारी साधन खरिद सम्बन्धी मापदण्ड, २०७४ (प्रदेश मन्त्रिपरिषदबाट स्वीकृत मिति २०७४/१२/२९)।
- उत्पादक वा अधिकृत बिक्रेताद्धारा निर्धारित दरमा (क्याटलग सपिङ्ग) खरिद गर्ने कार्यविधि, २०७४।